वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २९ पूर्णाङ्क २६७ | २०७८ माघ ३ गते सोमबार | Monday, 17Jan., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।-

## कमरेड भक्तबहादुर श्रेष्ठको शालिकको अनावरण



हेटौडा। नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज व्यक्तित्व कमरेड भक्तबहादुर श्रेष्ठको शालिक हेटौडामा अनावरण गरिएको छ। मकवानपुर हेटौडाको हर्नामाडी गुम्बा डाँडामा कमरेड भक्तबहादुर श्रेष्ठको आधाकदको शालिक उहाँको दशौ स्मृति दिवसको सन्दर्भ पारेर अनावरण गरिएको हो।

हेटौडाका मेयर हरिबल महतले शालिकको अनावरण गर्नुभएको थियो। प्रदिप भट्टराईले सञ्चालन गरेको अनावरण कार्यक्रममा दिनेश श्रेष्ठ, अनिल बानिया, हर्क रुम्बालगायतले कमरेड भक्तबहादुर श्रेष्ठको व्यक्तित्व बाँकी ७ पेजमा

# विस्तारवादसामु लम्पसार देउवा सरकार

काठमाडौं। भारत नेपालका लागि विस्तारवादी मुलुक हो। पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म सीमा जोडिएको छिमेकी मुलुक भारतले नेपालको स्वाधीनतामाथि पकट पटक हमला बोल्दै आएको छ। र, लिम्पियाधुरा-लिपुलेक-कालापानी सुस्ता लगायत ७१ भन्दा बढी स्थानमा सीमा अतिक्रमण गरेको छ। सन् पचास लगायत दर्जनौं असमान सन्धिसम्झौताका कारण भारतले नेपालमा आफ्नो प्रभुत्व स्थापित गर्न अनेकन प्रयत्न गर्दै आएको छ।

नेपाललाई भूटानीकरण, सिक्किमीकरण तथा फिजीकरण गर्न पटक पटक प्रयत्न गर्दै आएको भारतले अमेरिकी साम्राज्यवादसँग मिलेर नेपालको स्वाधीनतालाई समाप्त पार्ने गरी हमला बोल्न थालेको छ। त्यसैको पछिल्लो श्रृङ्खलाको रुपमा भारतीय प्रधानमन्त्री मोदीको भनाइलाई लिन सकिन्छ। उनले नेपालको तिब्बतको मानसरोवर पुग्नका लागि लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी बोलेको भिडियो सार्वजनिक भएको छ। जसको चौतर्फी रुपमा विरोध भइरहेको छ। त्यसको कडा विरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले २४ पौषमै वक्तव्य जारी गरेको



थियो। र, काठमाडौंमा विरोध प्रदर्शन समेत गरेको थियो।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा मोदीको यो निर्लज्ज उद्घोषलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्तिको संज्ञा दिंदै यसलाई पूर्णतः खारेज गरिएको उल्लेख गरेका थिए। र, एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग समेत गरेका थिए।

वक्तव्यमा भनिएको थियो, 'नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत नेपाल सरकारले त्यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो। हाम्रो पार्टी यसको घोर निन्दा एवम भर्त्सना गर्दछ। साथै, नेपाली राष्ट्रिय स्वाधीनताका विरुद्ध मोदीले सार्वजनिक रुपमा बोलेको विषयमा खुला आत्मालोचना सहित नेपाली भूमि फिर्ता गराउन नेपाल सरकारले भारत सरकार समक्ष अविलम्ब कूटनीतिक पहल बढाओस् भन्ने माग गर्दछ।'

वक्तव्यको अन्त्यमा भनिएको थियो, 'हाम्रो देश नेपाल लामो समयदेखि साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेपबाट पीडित रहँदै आएको छ। भारतीय हस्तक्षेप र नेपाली शासक वर्गको लम्पसारवादी चरित्रका विरुद्ध नेपाली जनताले निरन्तर चलाउँदै आएको देशभक्तिपूर्ण सङ्घर्षका कारण आजसम्म हामीले नेपाली भएको गर्व गर्न पाएका छौं। वाह्य हस्तक्षेप बढ्दै गएको र नेपाली शासकवर्ग दिनप्रतिदिन झन-झन साम्राज्यवाद तथा विस्तारवाद परस्त बन्दै गएको सन्दर्भमा देशको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा पर्न गएको छ। यो स्थितिमा, राष्ट्रिय स्वाधीनताको रक्षाका निमित्त एकताबद्ध भई सङ्घर्षमा अगाडि बढ्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी तथा क्रान्तिकारी शक्तिहरुमा हार्दिक अपील गर्दछ।'

त्यस्तै नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश ३ को आयोजनामा विरोध प्रदर्शन समेतको आयोजना गऱ्यो। पार्टी कार्यालय कुपण्डोलबाट निकालिएको विरोध र्याली माइतीघर मण्डलामा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागर, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरुले विरोध मन्तव्य राखेका थिए। कोणसभाको सञ्चालन देजमो ललितपुर अध्यक्ष इन्दिरा अधिकारीले गरेकी थिइन्। कोणसभा सकिएलगत्तै क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरुले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको टाउको अंकित बाँकी ४ पेजमा

## संसदीय व्यवस्थाको संरक्षक हुँ भन्ने माओवादी केन्द्रसँग एकताको सम्भावना छैन : मोहन वैद्य किरण



काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले नेकपा (माओवादी केन्द्र) लगायतका पूर्वमाओवादी घटकहरूसँग एकताको सम्भावना नरहेको बताउनु भएको छ। आज (मंगलबार) क्रान्तिकारी पत्रकार महासंघले काठमाडौंमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महासचिव किरणले नेकपा (माओवादी केन्द्र)लगायतका बाँकी ३ पेजमा

## श्रेष्ठको १०औं स्मृति दिवस भव्य रुपमा सम्पन्न





काठमाडौं। कमरेड भक्तबहादुर श्रेष्ठको १० औं स्मृति दिवस भव्य रुपमा मनाइएको छ। भक्तबहादुर स्मृति प्रतिष्ठानको आयोजनामा घट्टेकुलोस्थित इच्छुक साँस्कृतिक प्रतिष्ठानको हलमा स्मृति दिवस भव्य रुपमा सम्पन्न गरिएको हो।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता भक्तबहादुर स्मृति प्रतिष्ठानका अध्यक्ष सीपी गजुरेलले गर्नुभएको थियो।

कार्यक्रममा महासचिव किरण, प्रतिष्ठाका अध्यक्ष गौरव लगायत पार्टी पीवीएम दिनेश शर्मा सागर, अखिल नेपाल जनसाँस्कृतिक महासंघका बाँकी ७ पेजमा

## क्रान्तिकारी कवि बलराम तिमल्सिना क्रान्तिकारी माओवादीमा समाहित

काठमाडौं- चर्चित क्रान्तिकारी एवम् प्रगतिवादी कवि बलराम तिमिल्सिना नेकपा (क्रान्तिकारी माओवादी)मा समाहित हुनुभएको छ। मंगलवार भक्तबहादुर स्मृति प्रतिष्ठानले इच्छुक सास्कृतिक प्रतिष्ठानमा आयोजना गरेको १० औं स्मृति सभाको सन्र्दभमा उहाँले आफू पुरानै घरमा फर्किएको उदघोष गर्नुभएको हो।

साथै तिमिल्सनाले एक बक्तब्य जारी गर्दै बामपन्थी, प्रगतिशित,देशभक्त तथा जनतान्त्रिक शक्तिबीच धुब्रीकरणको आवश्यकता औल्याउनुभएको छ। उहाँलाई क्रान्तिकारी माओवादी महासचिव मोहन बैद्य किरण, स्थायी समिति सदस्य सिपी गजुरेल गौरवले स्वागत गर्नुभएको थियो। कार्यक्रममा महासचिव किरणले क्रान्तिकारी धुब्रीकरणका कार्यक्रमलाई देशैभर लैजाने क्रममा तिमिल्सिना धुब्रीकृत हुनुलाई सकारात्मक रुपमा पार्टीले ग्रहण गर्ने उल्लेख गर्दै अब क्रान्तिकारीहरु गोलबद्ध हुने बताउनुभयो।

(बलरामद्वारा जारी विज्ञप्तिको पूर्ण पाठ पृष्ठ ६ मा)



## अनेकिमहासंघ(क्रान्तिकारी) चितवनले बुझायो ज्ञापन पत्र



काठमाडौं। अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) जिल्ला समिति चितवनले जिल्लाका कृषि समस्याहरुको बारेमा प्रमुख जिल्ला अधिकारी(ऋम्इ) लाई ज्ञापनपत्र बुझाएको छ।

संगठनका संयोजक प्रकाशबाबु खनाल, के .स . दिवाकर न्यौपाने , खडग बहादुर कुँवर , तिलक अधिकारी लगायतका किसान नेताहरु सहित नेकपा ( क्रान्तिकारी माओवादी ) का जिल्ला इन्चार्ज बिकास , सेक्रेटरी असोक शर्मा , देजमोका चितवन जिल्ला संयोजक बाबुराम प्यासी परियार , नारायण शर्मा बिपिनलगायतका नेताहरूको उपस्तिथिमा प्रजिअ अस्मान तामाङ समक्ष जिल्ला प्रशासन कार्यलय चितवनमा ज्ञापनपत्र बुझाइएको हो।

ज्ञापनपत्र बुझ्दै प्रजिअ तामाङले आफु किसानको समस्या समाधान गर्न पहल गर्ने र सबै पक्षको सहयोगमा मात्रै प्रभावकारी ढंगले नियमन गर्न सकिने बताउनु भयो।

उक्त ज्ञापनपत्रको बोधार्थ कृषि ज्ञान केन्द्र चितवनमा समेत बुझाएको छ।

(विज्ञप्तिको पूर्ण पाठ पृष्ठ ७ मा छ।)

## वैज्ञानिक समाजवादलाई रोक्न आएका नक्कली समाजवादीहरु

*वैज्ञानिक समाजवाद वाहेक अन्य जे जति नामाकरण गरिएका समाजवाद छन्, ती सबै पुँजीवादी समाज व्यवस्थाभित्रकै विभिन्न नाम हुन। वैज्ञानिक समाजवाद मात्रै सही मानेमा समाजवाद हो। किनभने यसको सपना केवल काम गर्ने वर्ग(मजदुर, किसान, भूमिहीनहरू(ले देखेको सपना हो र यसको प्राप्ती वर्गसंघर्षव्दारा मात्रै सम्भव छ। वर्गसंघर्षव्दारा पुँजीपति वर्ग तथा सबै खाले प्रतिक्रियावादी सत्तालाई ध्वम्श गरेर र ती सत्ताच्युत वर्गमाथि सर्वहार ।वर्गको अधिनायकत्वमा आधारित राज्यसत्ताको स्थापनाबाट मात्रै सम्भव छ*



● हुकुमबहादुर सिंह ●

मार्क्स तथा एङ्गेल्सको सुप्रशिद्ध कम्युन्स्टि घोषणापत्रले पुँजीवादको विकल्पमा वैज्ञानिक समाजवादको स्थापनामा जोड दिएको छ। त्यसमा समाजवादपछि आउने साम्यवादी व्यवस्थाको परिकल्पना पनि गरिएको छ। रुस र चीनमा लेनिन, स्तालिन र माओको नेतृत्वमा वैज्ञानिक समाजवादको स्थापना र विकासका कार्यहरु गरियो तर ती दुवै देशहरुमा सत्ताच्युत गरिएको पुँजीपति वर्गले सत्तामाथि पुनः कब्जा जमायो।

यसरी सत्तामाथि कब्जा गर्न पुँजीपति वर्गले आफूलाई ती देशहरुका कम्युनिस्ट पार्टीहरुभित्र घुस पैठ गरेर पहिले पार्टीमाथि कब्जा गर्ने अनि समग्र सरकार र सत्तामाथि कब्जा जमाउन सफल भयो। पुँजीपति वर्गले कम्युनिस्ट सत्ताका विरुद्ध विद्रोह गरेर नभई कम्युनिस्ट पार्टीभित्र नै आफूलाई शक्तिमा आसिन गराएर अनि संशोधनवादलाई अगाडि सारेर पुँजीवादको पुनः स्थापना गरेको इतिहास छ।

त्यसैले माओले वारम्वार कम्युनिस्ट पार्टीभित्रका पुँजीवादका हेडक्वार्टरमाथि बमबर्षा गर्न निर्देश मात्रै गरेनन, चीनमा पुँजीवादको पुनः स्थापनालाई रोक्न महान सर्वहारा साँस्कृतिक क्रान्तिको सञ्चालन गरे तर माओको देहावसान पछि चीनमा र स्तालिनको देहवसानपछि रुसमा पुँजीपति वर्गले पुँजीवादको पुनः स्थापना गर्न सफल भए।

ती देशहरुमा अहिले कम्युन्स्टि घोषणापत्रमा अभिलिखित समाजवाद छैन। त्यसैले ती देशमा वैज्ञानिक समाजवाद छैन। किनभने कम्युन्स्टि घोषणापत्रमा अभिलिखित समाजवाद नै आज भनिने गरिएको वैज्ञानिक समाजवाद हो। र उक्त दस्तावेजमा यो स्पष्ट भएर आएको थियो : सबै बाँकी ५ पेजमा

## सम्पादकीय

# भारतीय अतिक्रमणलाई अन्तर्राष्ट्रियकरण गर !

दक्षिण एशियामा विस्तारवादी मुलुकको रुपमा बद्नाम भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पुनः एकपटक काठमाडौं र दिल्लीबीच भू-राजनीतिक तनाव सिर्जना गरेका छन् । पुसको दोस्रो साता उत्तराखण्डको एक कार्यक्रममा मोदीले दिएको अभिव्यक्तिलाई लिएर नेपालको राजनीतिक र कूटनीतिक वृत्त यतिखेर तरंगित मात्रै बनेको छैन, व्यापक विरोधमा उत्रिएको छ ।

उत्तराखण्डको हल्दवानीमा आयोजित चुनावी सभामा बोल्दै मोदीले नेपाली भूमि लिपुलेक हुँदै मानसरोवर जाने सडक विस्तार भैरहेको गर्वसाथ सुनाए । विगतका सरकारको कारण लिपुलेकमा सडक विस्तार हुन नसकेको बताउँदै मोदीले उक्त सडकलाई सत्तारुढ भारतीय जनता पार्टीको उपलब्धिको रुपमा समेत चर्चा गर्न खोजेका थिए ।

मोदी अभिव्यक्तिलाई लिएर नेपालको सरकारले कुनै औपचारिक प्रतिक्रिया दिएको छैन, तर राजनीतिक वृत्तमा विरोध भइरहेको छ । मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले त सबैभन्दा पहिले विरोधमा वक्तव्य जारी गर्दै सडकमा उत्रिएर विरोध प्रदर्शन समेत गरेको छ । उसले मोदीको पुत्लादहनका साथै मोदीको टाउकोलाई फुटबल बनाएर माइतीघर मण्डलामा खेलेको थियो ।

त्यस्तै नेत्रविक्रम चन्द विप्लव, एमाले, माओवादी केन्द्र, कांग्रेस, एसमाजवादीदेखि राप्रपासम्मले वक्तव्य निकालेर मोदी अभिव्यक्तिको विरोध गरेका छन् । लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपाली भूमि भएको जान्दाजान्दै पनि भारतले अवैधानिक तरिकाले सडक विस्तार गरिरहेको भन्दै उनीहरुले आलोचना गरेका छन् । लिपुलेक सडक विस्तार नेपालको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताविरुद्ध भएको उल्लेख गर्दै आफ्नो भूमि रक्षा गर्नको लागि ठोस कदम चाल्नसमेत सरकारलाई आग्रह गरेका छन् ।

२०७७ वैशाख २६ गते नेपाली पक्षसँग कुनै सल्लाह नगरी एकतर्फीरुपमा नेपाली भूमि कालापानी, लिपुलेक हुँदै चीनको तिब्बतस्थित धार्मिकस्थल मानसरोवर जान भारतले खोलेको सडकलाई रक्षामन्त्री राजनाथ सिंहले भिडिओ कन्फरेन्समार्फत उद्घाटन गरेका थिए । लगत्तै नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत नेपाली भूमिमा आफ्ना सबै गतिविधि रोक्न भारतलाई आग्रह गरेको थियो । भारतीय राजदूत विनयमोहन क्वात्रालाई बोलाएर नेपालले कूटनीतिक नोट दिएको थियो । यसबारे नेपालले पाँचवटा कूटनीतिक नोट भारतलाई पठाएको भए पनि भारतले अहिलेसम्म एउटा पनि जवाफ दिएको छैन ।

नेपालले पनि आफ्ना अतिक्रमित भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक गरेको थियो । नयाँ जमिनमा नेपालले भारतद्वारा अतिक्रमित ३३५ वर्गकिमी क्षेत्रफल समेटेको छ । भारतले सन् २०१९ नोभेम्बरमा दार्चुलाको उत्तर-पश्चिम क्षेत्रमा पर्ने सो भूभागलाई आफ्नोतर्फ पार्दै नयाँ नक्सा जारी गरेपछि उत्पन्न विवाद समाधान नभैरहेको बेला भारतले नेपाली भूमि हुँदै चीन जोड्ने सडकमार्ग बनाएको थियो ।


उक्त विन्दूदेखि नेपाल र भारतबीच सीमालाई लिएर पटक-पटक विवाद हुँदै आएको छ । नेपालले बारम्बार कूटनीतिक नोट पठाएर भूमि अतिक्रमणबारे ध्यानाकर्षण गराए पनि भारतले अहिलेसम्म टिप्पणीसम्म गर्न चाहेको छैन । बरु, उसले तीर्थयात्रा सुगम हुने र नेपाल सीमावर्ती भारतीय भूमिमा सत्तारुढ बीजेपीको भोट बैंक सुरक्षित राख्ने हेतुले निर्माण कार्य जारी राखेको छ । उत्तराखण्डको सोही कार्यक्रममा भारतीय प्रधानमन्त्री मोदीले सन् २०२२ भित्र लिपुलेक-मानसरोवर सडकलाई पक्की बनाउने घोषणा समेत गरेका छन् । भारतले नेपाली भूमिमा ८० किमी सडक निर्माण गरेको छ ।

भारतले नेपालको माग सम्बोधन गर्नुको सट्टा उल्टै सडक विस्तार गरेर पेलेरै अघि बढ्ने संकेत दिएको छ । तर, नेपाल सरकार भने निरिह देखिएको छ । नेपाल सरकारले साँधेको मौनतालाई लिएर उल्टै भारतीय सञ्चारमाध्यमले नै प्रश्न उठाउन थालेका छन् । यसैसाता बीबीसी हिन्दी संस्करणमा भारतले लिपुलेक सडक बिस्तार गर्दा नेपाल सरकारले मौनता दर्शाएको समाचार प्रकाशित गऱ्यो । सरकार र पार्टीको नेतृत्वमा आएपछि भारतसँग हार्दिक सम्बन्ध बनाउन चाहिरहेका देउवाले यसबारे प्रतिक्रिया समेत दिएका छैनन् । परराष्ट्र अधिकारीहरु राजनीतिक नेतृत्वकै मुख ताकेर बसिरहेका छन् ।

सीमा विवादलाई वार्ताबाट समाधान गर्न भारतले कुनै तदारुकता देखाएको छैन । त्यसो त नेपालले पनि गम्भीर पहल गर्न सकेको छैन । काठमाडौंले कूटनीतिक नोट पठाइरहने र दिल्लीले नजरअन्दाज गर्ने सिलसिलामात्र चलिरहेको छ ।

सडक उद्घाटनको बेला विरोध गर्ने र त्यसपछि निदाउने, अनि अहिले मोदी बोलेपछि पुनः विरोधमा उत्रने नेताहरुको शैलीको पनि विरोध हुन थालेको छ । अब राजनीतिक वा कुटनीतिक स्तरबाट समस्याको समाधान हुने देखिन्न । अब यो मुद्दालाई तत्काल अन्तर्राष्ट्रियकरण गर्न, मित्र राष्ट्रहरुको समर्थन लिन र अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्न नेपालले अग्रसरता देखाउन जरुरी छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# राष्ट्रिय स्वाधीनताको आन्दोलनमा क्रान्तिकारी माओवादी सबैभन्दा अगाडि

***नेपाली भूमि जति मिचे पनि जति अतिक्रमण गरे पनि नेपाल सरकार मौन रहेकै कारण त्यसको फाइदा उठाई भारतले नेपाली भूमि मिच्ने काम दोहोऱ्याइरहेको हो । भूमि मिच्ने काम नदोहोऱ्याउन नै नेमकिपाले नेपाल- भारत सीमा निर्धारण गर्नुपर्ने माग गर्दै आएको हो***

● विनोद सहयात्री ●




भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद नेपाली स्वाधीनताका प्रमुख दुस्मन हुन् । यी दुईवटा शक्तिराष्ट्रको निरन्तरको अतिक्रमण र हस्तक्षेपले नेपाली स्वाधीनता एकदमै कमजोर बन्न पुगेको छ । नेपाली शासकहरुको लम्पसारवादी चरित्र अथवा राष्ट्रिय आत्मसमर्पणवादी प्रवृत्ति यसका लागि प्रमुख रुपले जिम्मेवार छ । चाहे राष्ट्रघाती एमसीसी सम्झौता होस् वा लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्र लगायतका नेपाली भूमिमाथिको भारतीय अतिक्रमण होस् यी दुवै अतिक्रमण र हस्तक्षेपका विरुद्ध सडकमा सशक्त आवाज उठाउने राजनीतिक शक्तिको रुपमा नेकपा (क्रान्तिकारी माओवादी) सबैभन्दा अगाडि देखिएको छ ।

लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्र नभएको नक्कली नक्साको विरोधदेखि भारतले उक्त भूमि गाभेर नक्सा जारी गरेपछि दैनिक जसो क्रान्तिकारी माओवादीले सडकबाट सशक्त दबाबमूलक सडक संघर्षको नेतृत्व गर्दै आएको छ । यसक्रममा पार्टीका शीर्ष नेतृत्व लगायत दर्जनौं नेता कार्यकर्ताहरु दर्जनौं पटक गिरफ्तार परेका छन् र राज्यको दमनमा दर्जनौ घाइतेसमेत भएका छन् । क्रान्तिकारी माओवादी लगायतका देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरुको सडक आन्दोलनको दबाबकै कारण तत्कालीन ओली सरकारले उक्त क्षेत्र समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गर्न बाध्य भएको थियो । नक्सामा समेटे पनि उक्त भूमि कसरी नेपालको कायम गर्ने अर्थात् कालापानी क्षेत्रबाट भारतीय सेनालाई हटाएर उक्त भूमि कसरी फिर्ता ल्याउने भन्ने विषयमा नेपालको सरकारले जुन पहल गर्नुपर्ने, तदारुकता देखाउनु पर्ने त्यो देखाएको छैन । बरु विस्तारवादी र साम्राज्यवादी शक्तिहरुकै दलालीमा दिन गुजारीरहेको छ । जसको यतिखेर चौतर्फीरुपमा विरोध भइरहेको छ। यो विरोधमा क्रान्तिकारी माओवादी नै सबैभन्दा अगाडि छ ।

क्रान्तिकारी माओवादीले निकै लामो समयदेखि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको हस्तक्षेप र अतिक्रमणका विरुद्ध आफ्नो सापेक्षतामा सशक्त विरोधका आवाज बुलन्द गर्दै आएको छ। भारतीय विस्तारवादका नाइके नरेन्द्र मोदीले हालै नेपालको लिपुलेकमा सडक बनाइरहेको र २०२२ भित्र पक्की सकड बनाइसक्ने भनेर गरेको उद्घोषका विरुद्ध सबैभन्दा पहिले नेकपा (क्रान्तिकारी माओवादी) नै बोल्यो । विरोधमा वक्तव्य मात्र होइन सडकमा नै उत्रेर उसले विरोध प्रदर्शन समेत गऱ्यो । त्यसको करिब हप्तादिनपछि मात्र अरु राजनीतिक पार्टीहरु बोलेका छन् । पुष १५ को मोदीको अभिव्यक्तिको विरोधमा क्रान्तिकारी माओवादीले २४ पुषमा वक्तव्य निकाल्यो र सोही दिन काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शनसँगै पुत्लादहन समेत गऱ्यो र मोदीको टाउकोको फुटबल बनाएर लात्ती हानाहान पनि गरियो । त्यस्तै सोही दिन जारी गरिएको वक्तव्यमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले मोदीको अभिव्यक्तिको कडा विरोध गर्दै अतिक्रमित नेपाली भूमि तत्काल फिर्ता गर्न र कालापानीबाट आफ्नो सेना फिर्ता लैजान भारत सरकारसँग जोडदार माग गर्नुभएको थियो ।

क्रान्तिकारी माओवादी सडकमा उत्रिएर विरोध गरेपछि विप्लव, मोहनविक्रम सिंह लगायतका साना दलले वक्तव्य निकालेर मोदीको विरोध गरे भने एमालेको परराष्ट्र विभागका संयोजक राजन भट्टराईले एक वक्तव्य निकालेर विरोध गरे । त्यसको दुईदिनपछि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, राप्रपा र विवेकशील साझालगायतका पार्टीहरुले वक्तव्य निकालेर विरोध गरे । तर मोदीको भनाइ सार्वजनिक भएको १८ दिन बितिसक्दा पनि आजका दिनसम्म कांग्रेसका सभापति समेत रहेका शेरबहादुर देउवा नेतृत्वको सरकार चुँसम्म बोलेको छैन । बरु उल्टो देउवा सरकारका परराष्ट्रमन्त्री डा. नारायण खड्का अमेरिकी लाइनको पक्षपोषण गर्दै आफ्गानिस्तानको तालिवान सरकारलाई मान्यता नदिने र जनतालाई सहयोग दिने भन्दै त्यतातिर प्रस्थान गरेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा मोदीको यो निर्लज्ज उद्घोषलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्तिको संज्ञा दिंदै यसलाई पूर्णतः खारेज गरिएको छ । र, एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग समेत गरेको छ ।

वक्तव्यमा भनिएको छ, 'नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत नेपाल सरकारले त्यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो । हाम्रो पार्टी यसको घोर निन्दा एवम भर्त्सना गर्दछ । साथै, नेपाली राष्ट्रिय स्वाधीनताका विरुद्ध मोदीले सार्वजनिक रुपमा बोलेको विषयमा खुला आत्मालोचना सहित नेपाली भूमि फिर्ता गराउन नेपाल सरकारले भारत सरकार समक्ष अविलम्ब कूटनीतिक पहल बढाओस् भन्ने माग गर्दछ ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'हाम्रो देश नेपाल लामो समयदेखि साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेपबाट पीडित रहँदै आएको छ । भारतीय हस्तक्षेप र नेपाली शासक वर्गको लम्पसारवादी चरित्रका विरुद्ध नेपाली जनताले निरन्तर चलाउँदै आएको देशभक्तिपूर्ण सङ्घर्षका कारण आजसम्म हामीले नेपाली भएको गर्व गर्न पाएका छौं । वाह्य हस्तक्षेप बढ्दै गएको र नेपाली शासकवर्ग दिनप्रतिदिन झन-झन साम्राज्यवाद तथा विस्तारवाद परस्त बन्दै गएको सन्दर्भमा देशको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा पर्न गएको छ । यो स्थितिमा, राष्ट्रिय स्वाधीनताको रक्षाका निमित्त एकताबद्ध भई सङ्घर्षमा अगाडि बढ्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी तथा क्रान्तिकारी शक्तिहरुमा हार्दिक अपील गर्दछ ।'

मानसरोवर यात्रा सहज बनाउने नाउँमा लिपुलेक जोड्ने सडक विस्तार गरेर भारत सरकारले फेरि आफ्नो शक्ति राष्ट्रको बल प्रयोग गरेर नेपाली भूमिमा आँखा गाडेको छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाभिमानमा आँच पुऱ्याउने काम गरे पनि नेपाल सरकारले उक्त कार्यको कुनै टिप्पणी गरेको छैन । पहिले त्यस क्षेत्रमा सडक विस्तार गर्दा नेपाल सरकारले पटक-पटक पत्राचार गरे पनि भारतले कुनै चासो राखेको छैन भनी अहिलेसम्म नेपाल सरकार मौन रहेको देखिन्छ । पुस १५ गते उत्तराखण्डको हल्द्वानीमा आयोजित कार्यक्रममा सडक विस्तार भइरहेको भारतीय प्रधानमन्त्री मोदीको अभिव्यक्तिप्रति सरकार किन मौन भन्ने प्रश्न उठिरहेको छ ।

लिपुलेकमा भइरहेको सडक विस्तारबारे नेमकिपाले उक्त कार्यको निन्दा र भर्त्सना गर्दै सो काम तत्काल रोक्न माग गरिसकेको छ। भारतको उक्त कदमलाई नेमकिपाले सार्वभौमिकतामाथिको ठाडो हस्तक्षेप र बलमिचाइ ठहर गरेको छ । नेपाल सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानीमा नेपालको प्रशासनिक उपस्थिति जनाउनुपर्ने आवाज पनि नेमकिपाले उठाउँदै आएको हो । ठूला र शक्तिशाली राष्ट्रको अभिमानी गरेर एक स्वाधीन र सार्वभौम देश नेपालको भूमिमा सडक विस्तार गर्ने, भूमि अतिक्रमण गर्ने र भारतीय सेना राख्ने काम संसारकै ठूलो प्रजातान्त्रिक भनिने देश भारतलाई पटक्कै सुहाउँदैन। लिपुलेकमा भारतीय पक्षले सडक विस्तार रोक्ने प्रयास नगर्नु नेपाल सरकारको कमजोरी हो ।

नेपाली भूमि जति मिचे पनि जति अतिक्रमण गरे पनि नेपाल सरकार मौन रहेकै कारण त्यसको फाइदा उठाई भारतले नेपाली भूमि मिच्ने काम दोहोऱ्याइरहेको हो । भूमि मिच्ने काम नदोहोऱ्याउन नै नेमकिपाले नेपाल- भारत सीमा निर्धारण गर्नुपर्ने माग गर्दै आएको हो । नेपाली भूमि मिचिरहेको भारतले नेपाल-भारत सीमा निर्धारण गर्नेतर्फ चासो राख्दैन, पहल गर्दैन । यसको पहल नेपाल सरकारले नै गर्नुपर्ने हो । तर, नेपाल सरकारले भूमि अतिक्रमणको विरोध गर्न सकेको छैन, भारतको अगाडि बोल्न सकिरहेको छैन । नेपाल सरकारले खुट्टा कमाइरहेको छ । भूमि अतिक्रमणको विरोध गर्न नसक्नु नेपाल सरकार भारतसामु झुक्नु हो । यो नेपाल सरकारको अर्को कमजोरी हो ।

नेपाल र भारत पक्षबीच हुने वार्तामा पनि सीमा अतिक्रमण, भारतीय सेना फर्काउने र नेपाली भूमिमा एकतर्फी चलखेल गर्ने कामको कुरो उठ्दैन या नेपाल पक्षले कुरो उठाउँदैन । नेपाली शासक तथा सत्तासीन दलका नेताहरू भारत पस्दा पनि कुरो उठाइँदैन । भारत शक्ति राष्ट्र हो, बलियो छ भनेर के नेपाल सरकारले आफ्नो भूमि बचाउनु पर्दैन ? भूमि बचाउन पहल गर्नुपर्दैन ? भारतीय पक्षबाट हुने हरेक अतिक्रमण, चलखेलको नेपाल सरकार विरोध गर्र्दैन भने भारतले नेपाली भूमि मिच्दै जानेछ र नेपाल साँगुरिंदै जानेछ । कुनै देशको भूमि बलको भरमा अरू देशले मिचेर पाउने होइन । भारतीय सेना नेपाली भूमिमा बसिरहेको आधारमा त्यो ठाउँ भारतको हुँदैन । यसकारण, नेपालले भारतसँग राजनीतिक तथा कूटनीति प्रयास गरिरहनुपर्छ । वार्ता र कूटनीतिक प्रयासले भारत मान्दैन भने अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्नुबाहेक नेपालसँग अर्को विकल्प बाँकी रहने छैन ।

# प्रदेश नम्बर १ मा सम्पन्न स्कुलिङ र एक अनुकरणीय अनुभूति

**'एक चोटि राजनीतिक दिशा निश्चित भएपछि कार्कर्ताहरु निर्णयात्मक तत्व हुन्छन् । अत: योजनाबध्द तरिकाले ठूलो संख्यामा नयाँ कार्यकर्ताहरुलाई तालिम दिनु हाम्रो संघर्षमय कार्य हो ।'** - *माओ त्सेतुङ:राष्ट्रिय युद्धमा चिनियाा कम्युनिस्ट पार्टीको भूमिका (अक्टोबर १९३८)*



● हस्तबहादुर केसी ●

यही २०७८ पुस २० गतेदेखि २२ गतेसम्म हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) १ नम्बर प्रदेश स्तरीय कार्यकर्ता स्कुलिङ कार्यक्रम उदयपुर जिल्लाको लालपत्तामा एक अनुकरणीय स्कुलिङका रुपमा सम्पन्न भयो । हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी ( क्रान्तिकारी माओवादी ) १ नम्बर प्रदेश समितिले सञ्चालन गरेको त्यस ऐतिहासिक स्कुलिङ कार्यक्रममा पार्टीको हेडक्वाटर र केन्द्रीय स्कुल विभागबाट खटाइएका केन्द्रीय स्कुल विभागका प्रमुख कमरेड परि थापा , पिविएम तथा केन्द्रीय पार्टी स्कुल विभागका सदस्य कमरेड सिताराम तामाङ , पार्टी पिविएम कमरेड कमल चौधरी र केन्द्रीय पार्टी स्कुल विभागका सचिव म हस्तबहादुर केसी केन्द्रीय प्रशिक्षका रुपमा उपस्थित भएका थियौं भने १ नम्बर प्रदेशभरका ७० जना प्रशिक्षार्थी कमरेडहरु सहभागी हुनुभएको थियो । हाम्रो केन्द्रीय पार्टी स्कुल विभागले एउटा कक्षामा अधिक्तम ५० जना र न्युनतम ३० जना प्रशिक्षार्थी सहभागी बनाउने व्यवस्था गरेको छ । तर पार्टी स्कुलिङ भएकोले ७० जना प्रशिक्षार्थी कमरेडहरुको सहभागीता धेरै उपयुक्त भएको अनुभूति भयो ।

हामी प्रशिक्षक कमरेडहरुले त्यस स्कुलिङ कार्यक्रममा अत्यन्तै मिहिनेत र व्यवस्थित रुपले सहभागी कमरेडहरुलाई पार्टीले ठोस गरेको निश्चित कोर्ष ( पाठ्यक्रम ) का आधारमा अर्थात् दर्शन , राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयहरुमा व्यवस्थित रुपले र योजनाबध्द ढंगले स्कुलिङ गरेका थियौं । दर्शनको विषय अन्तर्गत दर्शनको विकासको इतिहास , दर्शनको मौलिक प्रश्न , मार्क्सवादी दर्शन अन्तर्गत मार्क्सवादी - लेनिनवाद - माओवाद भनेकाबारेमा , मार्क्सवादी द्वन्द्ववाद , द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद , द्वन्द्ववादका नियमहरु , अन्तर्विरोधका विषयमा र ऐतिहासिक भौतिकवाद , साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा दर्शन , उत्तर आधुनिकवाद , उत्तर मार्क्सवाद , नव मार्क्सवाद तथा मार्क्सवादको रक्षा , प्रयोग र विकास एवम् मार्क्सवादको ऐतिहासिक कार्यभारका विषयमा मैले स्कुलिङ गरेको थिएं ।

त्यस्तै कमरेड परि थापाले मार्क्सवादी दर्शन अन्तर्गत मार्क्सवादी द्वन्द्ववादका प्रवर्गहरु र ऐतिहासिक भौतिकवाद अन्तर्गत सामाजिक चेतनाका रुपहरु , वैज्ञानिक समाजवाद र पार्टी / संगठन / अनुशासन र पध्दतिका विषयमा स्कुलिङ गर्नुभएको थियो ।

साथै कमरेड सिताराम तामाङले राजनीतिक अर्थशास्त्र ( मार्क्सवादीय अर्थशास्त्र ) का समग्र विषयहरुमा स्कुलिङ गर्नुभएको थियो भने कमरेड कमल चौधरीले ऐतिहासिक भौतिकवादी दर्शन अन्तर्तग मानव समुदायको विकासको प्रक्रिया र जात विकासको ऐतिहासिक प्रक्रिया र जातीय मुक्ति आन्दोलन र क्रान्तिका विषयमा स्कुलिङ गर्नुभएको थियो ।

त्यस स्कुलिङको समाप्ति पछि मलाई विश्व सर्वहारा वर्गका महान् नेता तथा चिनियाँ कम्युनिस्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओ त्सेतुङले माथि भन्नुभएको " एक चोटि राजनीतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरु निर्णयात्मक तत्त्व हुन्छन् । अतः योजनाबध्द तरिकाले ठूलो संख्यामा नयाँ कार्यकर्ताहरुलाई तालिम दिनु हाम्रो संघर्षमय कार्य हो ।" भन्ने कोटेशनको महत्वको बारेमा अति ठूलो अनुभूति भयो । किनभने हाम्रो पार्टीले नेपाली क्रान्तिको वर्तमान कार्यनीति " सशस्त्र जनविद्रोह " निश्चित गरिसकेकोले पार्टीको राजनीतिक दिशा निश्चित भइसकेको हुनाले हाम्रो पार्टीको काँधमा आइपरेको महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार जुन आएको छ , त्यसलाई पुरा गर्ने साधनका रुपमा असल , इमानदार र क्रान्तिकारी कार्यकर्ताहरुको ठूलो संख्यामा आवश्यकता पर्दछ ।

आज हामीसित ठूलो संख्यामा कार्यकर्ताहरु क्रियाशील छन् । नयाँ नयाँ कार्यकर्ताहरु पार्टी भित्र सामेल हुने क्रम निरन्तर जारी छ । अन्य कम्युनिस्ट पार्टीहरुबाट नयाँ नयाँ कार्यकर्ताहरु ध्रुवीकरण हुने कुरा पनि निरन्तर रहने कुरा पनि स्वाभाविक हो र केही संख्यामा राजनीतिक - वैचारिक रुपमा विचलित भएर पार्टीबाट बाहिरिने प्रक्रिया पनि निरन्तर रुपमा चल्ने गर्दछ भने बाहिरिने भन्दा पनि भित्रीने संख्या नै बढी रहने कुरा पनि निश्चित हुन्छ । अहिले हाम्रो पार्टी भित्र यो प्रक्रिया जारी छ । हामी महान् नेपाली नयाँ जनवादी क्रान्ति पुरा गरेर वैज्ञानिक समाजवादमा प्रवेश गर्ने एक ऐतिहासिक मोडमा पुगेका छौ । यस प्रकारको वर्तमान परिस्थितिमा हाम्रो पार्टीका देशभरका हजारौं हजार नयाँ कार्यकर्ताहरुलाई मार्क्सवादका तीन संघटक अंग दर्शन , राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयहरुका बारेमा स्कुलिङ गर्नु र दर्शन , सिध्दान्त , विचार आदि विषयहरुमा अर्थात् मालेमावादका आधारभूत विषयहरुमा योजनाबध्द र वैज्ञानिक ढंगले दक्ष तुलाउनु हाम्रो पार्टीको ज्यादै संघर्षमय कार्य हो । वर्तमान अवस्थामा यो कार्यको थालनी हाम्रो पार्टीको १ नम्बर प्रदेशले गरेको मलाई अनुभूति भइरहेको छ ।

किनभने दुई वर्ष पहिलेदेखि विश्वव्यापी महामारीका रुपमा फैलिएका कारण नेपाली समाज लगायत राजनीतिक क्षेत्रमा पनि ठूलो असर पर्यो । कोभिड १९ द्वारा परेको जोखिमले गर्दा हाम्रो पार्टीले नियमित कार्यक्रमहरु सञ्चालन गर्न ठूलो कठिनाई उत्पन्न भयो , जसका हामीले अन्य गतिविधिका साथै पार्टी स्कुलिङ समेत सञ्चालन गर्न सकिरहेका थिएनौं ।

अहिले फेरि कोरोना भाइरसको तेस्रो लहर अन्तर्गतको " ओमिक्रोन " नाम दिइएको खतर्नाक सरुवा भाइरस देशव्यापी फैलिन लागिरहेकै जटिल अवस्थामा हाम्रो पार्टीको १ नम्बर प्रदेशले प्रदेश स्तरीय कार्यकर्ता स्कुलिङ कार्यक्रम अत्यन्तै व्यवस्थित रुपले सञ्चालन गर्नु कष्टसाध्य कार्य थियो । त्यो कार्य अत्यन्तै कुशलतापूर्ण रुपमा सम्पन्न गरेको विषय हाम्रो पार्टी पंक्ति भित्र अत्यन्तै शिक्षाप्रद र प्रेरणादयक बन्न पुगेको भन्ने कुराको ठूलो अनुभूति मलाई भइरहेको छ ।

कोभिड १९ ले उत्पन्न गरेको जटिल परिस्थितिका कारण यस २ वर्षको बीचमा हामीले एउटा पनि स्कुलिङको कार्यक्रम सञ्चालन गर्न सकिरहेका थिएनौं । स्थानको छनौट , कार्यक्रम स्थल र स्कुलिङ हलको समुचित व्यवस्थापन , आवास र खानपानको समुचित व्यवस्थापन , ठूलो संख्यामा सहभागी कमरेडहरुको उपस्थिति र व्यवस्थापन , प्रशिक्षकहरुको व्यवस्थापन ,स्कुलिङको समयको उचित व्यवस्थापन , सहभागी कमरेडहरुले पालना गर्नुभएको अनुशासन र पार्टी पध्दतिको पालना आदि पार्टी स्कुलिङका विषय अप्नाउनु पर्ने पार्टी पध्दति र विधिहरु हाम्रो पार्टी र हामीले पार्टी सकुलिङ विभागको तर्फबाट र पार्टी हेडक्वाटरबाट पुरा गरिएको दायित्वबोध विगत हाम्रो पार्टीले सञ्चालन गर्दै आएका पार्टी स्कुलिङका कार्यक्रमहरु भन्दा भिन्न र सुव्यवस्थित र वैज्ञानिक भएकोले यो १ प्रदेश समितिले सञ्चालन गरेको स्कुलिङ हाम्रो पार्टी जीवनमा सबैका लागि शिक्षाप्रद प्रेरणादायी बन्न पुगेको छ र यस स्कुलिङबाट हाम्रो पार्टी पंक्तिले शिक्षाको रुपमा लिन जरुरी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

आजको जटिल परिस्थितिमा हाम्रो पार्टी भित्र पार्टी संगठन / मोर्चा संगठनहरु र अन्य साँगठनिक कामलाई कुशलतापूर्वक अगाडि बढाउन , संघर्षका कार्यक्रमहरुलाई अगाडि बढाउन , आर्थिक स्कटहरुको सामना गरिरनु परेको अवस्थामा र वैचारिक - राजनीतिक कामहरुलाई व्यवस्थित रुपले सञ्चालन गर्न गंभीर प्रकारका कठिनाईहरुको सामना गररिहेको अवस्थामा पनि हाम्रो पार्टीको १ नम्बर प्रदेश समितिले ३ दिने पार्टी स्कुलिङ एउटा औपचारपकता निर्वाह गर्ने खालको मात्र नभएर साँच्चिकै रुपमा आफ्नो पार्टीका प्रदेश स्तरका खाँटी तथा क्रान्तिकारी कार्यकर्ताहरुमा स्वाभाविक रुपले भुत्ते बन्दै गएको मालेमावादका आधारभूत सिध्दान्त र विचारको धारमा उद्याउने र उनीहरूको मार्क्सवादी ज्ञानको भण्डारलाई समृद्ध तसलाउने उद्श्येले सञ्चालन गरेको उक्त स्कुलिङ सबैको प्रेरणाको श्रोत बन्न सक्ने गरि सफल हुनुमा हाम्रो पार्टीको १ नम्बर प्रदेश समिति , मातहतका समितिहरु , मोर्चा संगठनहरु र सम्पूर्ण पार्टी पंक्ति अनुशासनबध्द छ , हाम्रो पार्टीको रुपमा नेपाली समाजमा स्थापित क्रान्तिकारी तथा लडाकु पार्टी पंक्ति र हाम्रो पार्टीको आम लक्ष्यको रुपमा रहेको महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवादमा प्रवेश गर्ने वैज्ञानिक योजना र ठोस कार्यदिशालाई सफलतापूर्वक सफल पार्न कठिबध्द छ भन्ने यो एउटा प्रमाण हो भन्ने कुराको राम्रो अनुभूति मलाई भइरहेको छ ।

यस हाम्रो पार्टीको आम पंक्ति र अन्य प्रदेशहरु , जिल्लाहरु , मातहतका समितिहरु , मोर्चा संगठनहरु र आम नेता तथा कार्यकर्ताहरुले अनुशरण गर्न र लागू गर्न लायक छ भन्ने अनुभूति हुनुका साथै विश्वस्त पनि छु।

हाम्रो प्रदेश स्तरीय पार्टी स्कुलिङ कार्यक्रम ५ दिनदेखि ७ दिनसम्म सञ्चालन गर्नुपर्ने कोर्ष ( पाठ्यक्रम बनेकोले यो ३ दिने भएकोले मालेमावादका महत्वपूर्ण शास्त्रीय रचनाको बारेमा र अन्य महत्वपूर्ण विषयहरुलाई स्कुलिङ गर्न सम्भव भएन , समयको ज्यादै महत्वपूर्ण विषयहरुमा हामीले अत्यन्तै मिहिनेतका साथ स्कुलिङ गरिएको थियो भन्ने हामीलाई लागिरहेको थियो । समापन समारोह कार्यक्रममा सहभागी कमरेडहरुबाट पनि अनुभूति दिने व्यवस्था मिलाइएको थियो , अनुभूति दिनुहुने कमरेडहरुले धेरै सकारात्मक अनुभूतिहरु प्रस्तुत गर्नु भएबाट पनि उक्त स्कुलिङ अत्यन्तै लाभदायक भएको पुष्टि भएको छ ।

लालपत्तामा सहभागी कमरेडहरुलाई स्कुलिङ गरिरहेको समयमा र त्यसपछि अहिले काठमाडौंमा फर्कि सकेपछि मलाई पार्टी स्कुलिङका विषयमा कमरेड माओले दिनुभएको अनुभूतिजन्य र शिक्षाप्रदका रुपमा दिनु भएको निर्देशनहरु सम्झना भइरहेको छ। कमरेड माओले अगाडि भन्नु हुन्छ ,

"हाम्रा पार्टी संगठनहरु अवश्य पनि देशभरी फिँजाउनु पर्दछ र हामीले निश्चित उद्श्येका साथ दसौं हजार कार्यकर्ताहरुलाई र पहिलो दर्जाका सबै नेताहरूलाई तालिम दिनु पर्छ। उनीहरूले मार्क्सवाद - लेनिनवादमा निपुण भएका , राजनीतिक रुपले दुर्दशी , काममा खुप सिपालु , त्यागको गहिरो भावनाले भरिएका , आफै अघि सरेर समस्याहरुसंग जुझ्न कुशलता भएका , अति अप्ठ्यारा अवस्थाहरुमा समेत विचलित नहुने , राष्ट्र , सर्वहारावर्ग र पार्टीको सेवा गर्ने बफादार र भक्त कार्यकर्ता र नेता हुनैपर्छ। यस्ता कार्यकर्ता र नेताहरुमा नै पार्टीले आफ्ना सदस्यहरु तथा जनतासितको सम्बन्धका निम्ति भर गर्छ र जनताको दृढ नेतृत्वको लागि उनीहरूमा भर परेर नै पार्टी शत्रुलाई पराजित गर्न सफल हुन्छ। असल कार्यकर्ता बन्ने र बनाउने भनेको असल विचार अर्थात् क्रान्तिकारी विचार हो , मालेमावादी विचार हो । यस्ता कार्यकर्ता , नेताहरु स्वार्थीपनाबाट व्यक्तिवादी शुर्याई र आडम्बरबाट , आलश्य र उदासिनताबाट र आफ्नै कुरा माथि पार्ने गुटवादबाट मुक्त हुनुपर्छ र उनीहरूले अवश्य पनि निस्वार्थ भएर राष्ट्रिय तथा वर्गीय वीर योध्दा हुनुपर्छ , हाम्रो पार्टीका सदस्य , कार्यकर्ता , नेताहरुमा हुनुपर्ने गुणहरु र कार्यशैली यस्तै हुन् ।"

- माओ त्सेतुङ, जापानी आक्रमण विरोधी राष्ट्रिय संयुक्त मोर्चाको निम्ति लाखौं जनसमुदायलाई आफूपट्टि तान ( मे ७, १९३७ ) ।

विश्वदृष्टिकोणविनाका, स्कुलिङ नगाराइएको - नगरेका र मालेमावादका आधारभूत सिध्दान्तले लैस नभएका कार्यकर्ताको जतिसुकै ठूलो संख्या भए पनि क्रान्तिका निम्ति केही काम छैन। त्यसैले कमरेड माओले भन्नुभएको जस्ता नेता - कार्यकर्ता थोरै भएर क्रान्तिका लागि उनीहरू नै कामयावी हुन्छन्। क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुमा धेरै र थोरै कार्यकर्ताहरु हुनुले खासै फरक पर्दै तर क्रान्तिकारी छन् कि छैनन् भन्ने कुरा मुख्य हो ।

*मिति : १ माघ २०७८*
*बुढानिलकण्ठ नगरपालिका - २ ,*
*कल्पवृक्ष कोलोनी , काठमाडौं ।*




## संसदीय...

पूर्वमाओवादी घटकहरूबीचमा एकताको सम्भावना नरहेको बताउनु भएको हो ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकता हुन्छ भनेर लगातार भनिरहेको भए पनि सो पार्टीसँग एकताको कुनै सम्भावना नरहेको उहाँले स्पष्ट पार्नुभयो । आफूहरूले वर्तमान राज्यसत्ता तथा संसदीय व्यवस्थालाई स्वीकार गर्न नसक्ने र माओवादी केन्द्र संसदीय व्यवस्थाको संरक्षकको रूपमा अघि बढेकाले एकताको सम्भावना नरहेको उहाँले स्पष्ट पार्नुभएको हो ।

'उहाँहरूले पार्टी एकता हुन सक्छ, पूर्वमाओवादीहरूसँग पार्टी एकता हुन सक्छ भनेर लगातार भन्नुभएको छ । तर, हाम्रो पार्टीसँग सम्भव छैन । नेकपा (क्रान्तिकारी माओवादी)सँग सम्भव छैन। किन भन्नुहुन्छ भने हामीले पुरानो राज्यसत्ता, संसदीय व्यवस्था यसलाई स्वीकार गर्न सक्दैन भनिराखेका छौं,' उहाँले भन्नुभयो ।

उहाँले मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसाल र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपासँग पनि एकताको सम्भावना नदेखिएको बताउनु भयो । ती पार्टीहरूसँग पनि राजनीतिक लाइन नमिलेको उहाँले स्पष्ट पार्नुभयो । कार्यक्रममा बोल्दै महासचिव किरणले एमसिसी परियोजना राष्ट्रघाती भएकाले खारेज हुनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी लिपुलेक, लिम्पियाधुरा र कालापानीको समस्या जटिल भइरहेको भए पनि वर्तमान सरकार केपी ओली नेतृत्वको सरकारजति पनि बोल्न नसकेको बताउनु भयो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सो क्षेत्रमा बाटो विस्तारको काम जारी छ भनिराखेको भए पनि नेपाल सरकार भने चुप लागेर बसेको उहाँले बताउनु भयो। उहाँले भन्नुभयो, 'भारतले नेपाली भूमि मिचिरहँदा पाँच दलीय गठबन्धनले त्यसविरुद्ध हिम्मत जुटाएर बोल्न सकेन ।'

उहाँले अगाडि भन्नुभयो, 'देशमा एमसीसीको कुरा आइराखेको छ। त्यो राष्ट्रघाती छ। एमसीसी खारेज हुनुपर्छ। लिम्पियाधुरा, कालापानी क्षेत्र, लिपुलेकको समस्या जटिल भएर आइराखेको छ', उहाँले भन्नुभयो, 'यो सरकारले ओली सरकार जति पनि बोलेन। बारम्बार मोदीले भनिराखेका छन्, यतापट्टि बाटो खन्ने काम र विस्तार जारी छ भनिराखेका छन्। तर सरकार चुप छ। राष्ट्रिय स्वाधिनता रक्षाका लागि सशक्त हुनुपर्ने आवश्यकता छ।'


महासचिव किरणले आगामी संसदीय निर्वाचनमा आवश्यकताअनुसार पार्टीको केन्द्रीय कमिटीको निर्णयमा उपयोग अथवा बहिष्कारको नीति लिइने बताउनु भयो। सो कार्यक्रममा पार्टीका पीवीएम इन्द्रमोहन सिग्देलको समेत उपस्थिति रहेको थियो ।

# संघर्षमा उत्रन महासंघको आह्वान

काठमाडौं । अखिल नेपाल जनसांस्कृतिक महासङ्घले आज एक विज्ञप्ती जारी गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लिपुलेखसम्म बाटो बनाएको भनी केही दिन अगाडि दिएको सार्वजनिक अभिव्यक्तिको निन्दा र भर्त्सना गरेको छ ।

सङ्गठनका अध्यक्ष जगदीश चन्द्र तथा महासचिव हिरामणि दुःखीको संयुक्त हस्ताक्षरमा जारी वक्तव्यमा भनिएको छ-'हालै मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एक कार्यक्रममा नेपालको सार्वभौमसत्तामाथि हस्तक्षेप हुने गरी तिब्बतको मानसरोवर पुग्नका लागि नेपालको भूभागमा पर्ने लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी दिएको अभिव्यक्ति प्रति हाम्रो सङ्गठनको ध्यानाकर्षण भएको छ र उक्त कार्यको हाम्रो सङ्गठन तीव्र निन्दा एवम् घोर भर्त्सना गर्दछ ।' भारती शासक वर्गले यस अघि पनि नेपालको दर्जनौ ठाउँको भूभाग मिचेको र नेपालमाथि अनेकौं प्रकारले गरिएको हस्तक्षपको पनि विरोध गरेको छ ।

भरखरै मात्र सङ्गठनको केन्द्रीय समितिको बैठकका निणर्यहरूबारे जानकारी गराउन जारी गरिएको वक्तव्यमा नेपालको संसदबाट पारित गर्न र गराउन लागिएको राष्ट्रघाती एमसीसी सम्भौताको पनि कडा रूपमा विरोध गरेको जनाएको छ । उसले यसप्रकारका राष्ट्रघाती सम्झौता तथा नेपालमाथि भइरहेको वैदेशिक हस्तक्षपका विरुछ सम्पूणर् संस्कृतिकर्मीहरू एकजुट भएर विारोधमा उत्रन आह्वान पनि गरेको छ । वक्तव्यमा नेपालमा भइरहेको वर्तमान सरकारद्वारा सिर्जित वेरोजगारी, भ्रष्टाचार, कमिशनतन्त्र, दिनहुँजसो आकशिँदै गएको महङ्गी र कालो बजारीबाट आक्रान्त नेपाली जनताको दैनिक जीवन झन् झन् कष्टकर हुँदै गएको जनाउँदै त्यसका विरुद्ध सशक्त रूपमा प्रतिरोधमा उत्रनुपर्ने जनाएको छ । वक्तव्यको पूर्ण यहाँ प्रस्तुत गरिएको छ-



अखिल नेपाल जनसांस्कृतिक महासङ्घ
All Nepal People's Cultural Federation
केन्द्रीय समिति
Central Committee

प.सं. :
च.नं. :

मिति : २०७८/१०/०१

विषय : वक्तव्य

भरखरै मात्र हाम्रो प्यारो सांस्कृतिक सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । बैठकले यही माघ र फागुन महिना भित्र सम्पन्न हुनेगरी दुई महिने सङ्गठन विस्तार तथा पुनिकरण अभियान सञ्चालन गर्ने, प्रदेशका भेला, आङ्गिक सङ्गठनहरूका भेला तथा विस्तार अभियान चलाउने निर्णय गरेको छ । यसका साथै महासङ्घले एमसीसी जस्तो राष्ट्रघाती सम्झौताका विरुद्ध सांस्कृतिक, साहित्यिक कार्यक्रम सहितविरोध गर्ने, भारतीय शासक वर्गबाट नेपालमाथि भएका सबै खाले हस्तक्षेपको भण्डाफोर र विरोध गर्नेलगायतका महत्वपूर्ण निर्णयहरू गरेको छ ।

हालै मात्र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एक कार्यक्रममा नेपालको सार्वभौमसत्तामाथि हस्तक्षेप हुने गरी तिब्बतको मानसरोवर पुग्नका लागि नेपालको भूभागमा पर्ने लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी दिएको अभिव्यक्ति प्रति हाम्रो सङ्गठनको ध्यानाकर्षण भएको छ र उक्त कार्यको हाम्रो सङ्गठन तीव्र निन्दा एवम् घोर भर्त्सना गर्दछ । भारतीय विस्तारवादी शासकद्वारा नेपालको राष्ट्रिय अखण्डता र सार्वभौमसत्तामाथि त्यस किसिमको हस्तक्षेप र अतिक्रमण नेपालका दर्जनौ क्षेत्रमा हुँदै आएको छ । उक्त गतिविधिका विरुद्ध तथा नेपालको अस्मितामाथि नै अतिक्रमित हुनेगरी अमेरिकी साम्राज्यवादलाई एमसीसी जस्तो राष्ट्रघाती सम्झौताका माध्यमबाट भित्र्याउन लागिपरेको वर्तमान सरकार र प्रतिपक्ष घटकका विरुद्ध सम्पूर्ण संस्कृतिकर्मीहरू एकजुट हुन आह्वान गर्दछौं ।

यसका साथै कथित लोकतान्त्रिक वर्तमान सरकारद्वारा सिर्जित बेरोजगारी, भ्रष्टाचार, कमिशनतन्त्र, दिनहुँजसो आकाशिँदै गएको महङ्गी र कालो बजारीबाट आक्रान्त नेपाली जनताको दैनिक जीवन झन् झन् कष्टकर हुँदै गएको छ । कथित वैदेशिक रोजगारका नाममा नियोजित रुपमा राज्यले नै बिक्रि गरेर युवाहरूलाई विदेश पलायन हुन बाध्य पारेको छ । न्यायिक क्षेत्र आफैमा भ्रष्टाचारको दलदलमा फसेर द्वन्द्वग्रस्त बनेको छ र जनतालाई न्यायबाट वञ्चित गरेको छ । महिला, बालबालिका स्वयम् राज्यका संरक्षकहरूबाटै असुरक्षित बन्दै गएका छन् । मजदुर, किसान र सुकुम्वासीहरूका समस्या दिनप्रति दिन बढ्दै गएका छन् । राज्य त्यसको समाधानमा नलागि दलालहरूका पक्षमा लागेको छ । यसर्थ राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूमा राज्यको अनुपस्थितिलाई चिर्न र जनगणतन्त्रको पक्षमा उभार ल्याउन सम्पूर्ण प्रगतिशील प्रगतिवादी संस्कृतिकर्मीहरूमा आह्वान गर्दछौं ।

हिरामणि दुःखी
महासचिव

जगदीश चन्द्र
अध्यक्ष

## विस्तारवादसामु...

फुटबललाई लात्तिले हानाहान गरिएको थियो र मोदीको पुत्ला दहन समेत गरिएको थियो । प्रहरी अवरोधका बाबजुद मोदीको टाउकाको फुटबल खेल्न र पुत्ला दहन समेत गरेका थिए ।

जनस्तरमा व्यापक विरोध हुन थालेपछि त्यसको करिब हप्तादिनपछि संसदको प्रतिपक्षी दल नेकपा (एमाले)ले पराराष्ट्र विभागमार्फत् एक वक्तव्य निकाली विरोध गऱ्यो । त्यसपछि कांग्रेस, माओवादी केन्द्रलगायत सत्तारुढ दलले पनि बाध्य भएर विरोधमा अभिव्यक्ति दिए । तर कांग्रेसका सभापति समेत रहेका शेरबहादुर देउवा नेतृत्वको सरकारले भने आजका दिनसम्ममा पनि कुनै प्रतिक्रिया व्यक्त गर्ने सामर्थ्य जुटाउन सकेको छैन । भारतीय दुतावासले समेत वक्तव्य निकालेर आफ्नो धारणा स्पष्ट पारिसकेको अवस्थामा पनि देउवा सरकारले भने 'अस्वाभाविक' मौनता साँधिरहेको छ । यसलाई देउवा सरकारले विस्तारवादसामू लम्पसारवादी चरित्र प्रदर्शन गरेको भन्दै यतिखेर व्यापक विरोध भइरहेको छ ।

भारतले भने नेपालले नक्शामा समेटिसकेको भूमिमा बनाइरहेको सडकले नेपालमा तरंग ल्याएपछि त्यसलाई डिफ्युज गर्ने प्रयास गरेको छ । काठमाडौंस्थित दूतावासले शनिबार प्रेसनोट जारी गर्दै सीमा विवादबारेका पछिल्लो विवादबारे भारत सरकारको धारणा सार्वजनिक गरेको हो ।

नेपालसँगको सीमालाई लिएर आफ्नो सरकारको अडान यथावत रहेको उल्लेख गर्दै भारतले यसबारे नेपाल सरकारलाई जानकारी गराइसकेको जनाएको छ । 'भारत-नेपाल सीमालाई लिएर भारत सरकारको अडान सर्वविदित, सुसंगत र स्पष्ट छ । नेपाल सरकारलाई यसबारे जानकारी गराइसकिएको छ' भारतले उल्लेख गरेको छ ।

यो बहस र विवादलाई लिएर अन्तर सरकारी संयन्त्रबीच संवाद भैरहेको बताउँदै भारतले बाँकी सीमा समस्यालाई घनिष्ठ र मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धको आधारमा सम्बोधन गर्न सकिने समेत बताएको छ ।

यसै महिना भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय राज्य उत्तराखण्डको चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै नेपाली भूमि लिपुलेकमा सडक विस्तार भैरहेको र सन् २०२२ अन्त्यसम्म त्यहाँ पक्की सडक बनाउने तयारी भैरहेको जनाएका थिए ।

मोदीको उक्त अभिव्यक्तिलाई लिएर काठमाडौंको राजनीतिक र कूटनीतिक वृत्तमा व्यापक विरोध भइहेको छ ।

सरकारकै नेतृत्व गरिरहेको दल कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विज्ञप्ति जारी गर्दै मोदी अभिव्यक्तिको विरोध गरेपनि सरकारले भने कुनै प्रतिक्रिया नदिनु आपत्तिजनक भएको भन्दै विरोध समेत भइरहेको छ । प्रधानमन्त्रीमा नियुक्त भएपछि देउवाले भारतसँग सम्बन्ध हार्दिक बनाउन कोशिस गरिरहेका देउवालाई भारतले आफ्नो अभिष्ट पुरा गराउन प्रयोग मात्रै गर्न खोजेको स्पष्ट देखिन्छ ।

यसैसाता उत्तर छिमेकी चीनले पनि विज्ञप्ति जारी गर्दै नेपालसँग सीमा समस्या नरहेको कुरा दोहोऱ्याएको छ ।

***कसले के भने ?***

क्रान्तिकारी माओवादी नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा मोदीको यो निर्लज्ज उद्घोषलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्तिको संज्ञा दिँदै यसलाई पूर्णतः खारेज गरिएको उल्लेख गरेका थिए । र, एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग समेत गरेका थिए ।

वक्तव्यमा भनिएको थियो, 'नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत नेपाल सरकारले त्यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो । हाम्रो पार्टी यसको घोर निन्दा एवम भर्त्सना गर्दछ । साथै, नेपाली राष्ट्रिय स्वाधीनताका विरुद्ध मोदीले सार्वजनिक रुपमा बोलेको विषयमा खुला आत्मालोचना सहित नेपाली भूमि फिर्ता गराउन नेपाल सरकारले भारत सरकार समक्ष अविलम्ब कूटनीतिक पहल बढाओस् भन्ने माग गर्दछ ।'

वक्तव्यको अन्त्यमा भनिएको थियो, 'हाम्रो देश नेपाल लामो समयदेखि साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेपबाट पीडित रहँदै आएको छ । भारतीय हस्तक्षेप र नेपाली शासक वर्गको लम्पसारवादी चरित्रका विरुद्ध नेपाली जनताले निरन्तर चलाउँदै आएको देशभक्तिपूर्ण सङघर्षका कारण आजसम्म हामीले नेपाली भएको गर्व गर्न पाएका छौं । वाह्य हस्तक्षेप बढ्दै गएको र नेपाली शासकवर्ग दिनप्रतिदिन झन-झन साम्राज्यवाद तथा विस्तारवाद परस्त बन्दै गएको सन्दर्भमा देशको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा पर्न गएको छ । यो स्थितिमा, राष्ट्रिय स्वाधीनताको रक्षाका निमित्त एकताबद्ध भई सङ्घर्षमा अगाडि बढ्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी तथा क्रान्तिकारी शक्तिहरुमा हार्दिक अपील गर्दछ ।'

एमालेः एमालेले प्रेस विज्ञप्ती निकाल्दै कुटनीतिक सहमति विपरीत भारतले नेपाली भूमिमा सडक सहितका संरचना निर्माणलाई तिब्रता दिएको भन्दै आपत्ति जनाएको छ । एमालेले सो गतिविधि तत्काल बन्द गर्नुपर्ने र वार्ताको माध्यमबाट समाधान खोज्नुपर्नेमा जोड दिएको छ । परराष्ट्र मामिला विभागका प्रमुख राजन भट्टराईद्धारा जारी विज्ञप्तिमा भनिएको छ- 'राष्ट्रियतासँग सम्बन्धित गम्भीर विषयमा सरकारको मौनताले अनेकौं प्रश्न उब्जाएको छ ।' सो बिषयमा भारतसंग अबिलम्ब संवाद गर्न र नेपाली भूभागमा नेपालको व्यवहारिक स्वामित्व स्थापना गर्न एमालेले सरकारलाई आग्रह गरेको छ ।

माओवादी केन्द्रः माओवादी केन्द्रले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पञ्चशीलको सिद्धान्तको अवलम्बन गर्न आग्रह गरेको छ। माओवादी केन्द्रका नेता एवं अन्तर्राष्ट्रिय विभाग प्रमुख नारायणकाजी श्रेष्ठले शुक्रबार एक विज्ञप्तिमार्फत हालै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको भूमि लिपुलेकमा सडक विस्तार गर्ने घोषणा गरेको भन्दै त्यसको विरोध गरेर पञ्चशीलको सिद्धान्तको अवलम्बन गर्न आग्रह गरेका हुन् ।

सत्तारुढ एकीकृत समाजवादीले पनि लिपुलेक क्षेत्रमा सडक निर्माण गरिएकोप्रति आपत्ति जनाइसकेको छ ।

कांग्रेसः कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले शुक्रबार संयुक्त विज्ञप्तिमार्फत सात बुँदे धारणा सार्वजनिक गर्दै दुई देश बीचका सबै प्रश्नमा कूटनीतिक संवादबाट समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

'नेपाल-भारत संयुक्त आयोगमा दुई देश बीचको सबै प्रश्नमा कूटनैतिक संवादबाट समाधानमा पुग्ने गरी भएको सहमतिविपरीत लिपुलेकमा सडक निर्माण भनेर आएको विषय गम्भीर छ, आपत्तिजनक छ र अविलम्ब यो रोकिनुपर्छ,' विज्ञप्तिमा भनिएको छ ।

राप्रपाः राप्रपाले सत्तारुढ गठबन्धन सरकारको यसबारे आश्चर्यजनक मौनता दुःखद् र रहस्यमय भएको भन्दै सरकारले त्यसको प्रतिवाद गर्नुपर्ने भनेको छ ।

'नेपाली भूमि लिपुलेक कालापानी क्षेत्रमा भारतले एकतर्फी रुपमा सडक निर्माण गरिरहेको र केही दिनअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सो कुराको खुलासा गर्नुभएको विषय गम्भीर, आपत्तिजनक र नेपाली सार्वभौमिकताको विरुद्धमा छ,' राप्रपाका महामन्त्री भुवन पाठकले शनिबार विज्ञप्तिमार्फत् भनेका छन्, 'कालापानी लिपुलेक नेपाली भूमि हो, आफ्नो भूमिमाथि भइरहेको अतिक्रमण र हस्तक्षेपका विरुद्ध नेपाल सरकारले प्रतिवाद गर्नुपर्दछ ।'

मोदीले १५ पुसमा उत्तराखण्डको हल्द्वानीमा आयोजित भाजपाको चुनावी कार्यक्रममा भारतीय तीर्थयात्रीलाई कैलाश मानसरोवर यात्रा सहज बनाउन लिपुलेक सडक विस्तार भइरहेको सार्वजनिक गरेका थिए । सीमा विवादको समाधान कूटनीतिक संवादबाट गर्ने पूर्ववत् सहमति कुल्चेर भारतीय प्रधानमन्त्री मोदीले खुलेआम लिपुलेक सडक विस्तारबारे बोले पनि सरकार जवाफी प्रतिक्रिया दिन आनाकानी गरिरहेको छ ।

सरकारको नियतलाई लिएर सत्तागठबन्धनमै रहेको दल माओवादी र विपक्षी एमालेले प्रश्न उठाएका छन् । कूटनीतिक मामलाका जानकार र पूर्वराजदूतहरू पनि सरकारको रवैयाप्रति असन्तुष्ट छन् । भारतीय प्रधानमन्त्री मोदीको अभिव्यक्तिमा नेपाल सरकारले सार्वजनिक प्रतिक्रिया नदिनु आपत्तिजनक र अशोभनीय रहेको भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्यायले टिप्पणी गरेका छन् ।

एकजना पूर्वपरराष्ट्रसचिवले नेपालको राज्यसंयन्त्र शिथिल भएका कारण भारत सरकारसँग सीमावार्ता गर्ने सार्थक प्रयास हुन नसकेको टिप्पणी गरे । 'नेपाल सरकार यतिसम्म लाचार भएको मैले थाहा पाएको थिइनँ, लोकतान्त्रिक सरकारले भारतसँग सीमावार्ताका सन्दर्भमा संवादको प्रयत्न गर्न नसक्नु वा नचाहनु विडम्बनापूर्ण छ,' ती पूर्वसचिवले भने ।

भारतले बाटो निर्माण गरिरहेकोमा नेपालले विगतमा विरोध गरे पनि यसपटक रहस्यमय मौनता राखेको छ ।

विगत सरकारले भने भारतले सडक निर्माण सम्पन्न गरेर रक्षामन्त्री राजनाथ सिंहले ०७७ वैशाख २६ गते उद्घाटन गरिसकेपछि नेपालले औपचारिक विरोध जनाएको थियो । नेपाल सरकारले नेपाली भूमि हुँदै भारतले लिपुलेकसम्म चीन जोड्ने सीमा सडक एकतर्फी निर्माण गरेको जानकारी अत्यन्तै दुःखका साथ प्राप्त भएको र यो दुई देशबीचको समझदारीको विपरीत रहेको टिप्पणी गरेको थियो ।


परराष्ट्रको विज्ञप्तिमा थियो, 'सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत कालीनदी पूर्वका भूभागहरू नेपालका हुन् भन्नेमा नेपाल सरकारले पटकपटक स्पष्ट पार्दै आएकोमा यसपटक पनि जोड दिन चाहन्छ ।' विज्ञप्तिमा यो पनि भनिएको छ, 'नेपाल सरकार दुई देशबीचको घनिष्ठ र मैत्री सम्बन्धको भावना राख्दै ऐतिहासिक सन्धि, दस्तावेज, तथ्य र नक्साको आधारमा सीमा मुद्दाहरूको कूटनीतिक समाधान खोज्न प्रतिबद्ध छ ।'

भारतले जम्मु-कास्मिर र लद्दाखलाई केन्द्रशासित अलग-अलग प्रान्त बनाउने निर्णय गरेसँगै तयार गरेको नक्सामा नेपालको कालापानीसमेत समेटेपछि नेपालले लिम्पियाधुरासम्म समेटेर नयाँ नक्सा जारी गऱ्यो ।

नक्सा जारी गरेपनि उक्त भूमि फिर्ता गराउन नेपाल सरकारले जुन पहल गर्नुपर्ने हो, त्यस दिशामा कुनै पहल भएको र सरकारले तदारुकता देखाएको देखिन्न । बरु उल्टै भारतीय विस्तारवादी शासकहरुसामू लम्पसार परेको देखिन्छ । नेपाली भुमिमा सडक बनाएको गर्वका साथ सार्वजनिक अभिव्यक्ति दिइरहँदा नेपाल सरकारले मौनता साँध्नु भनेको नेपालको स्वाधीनताका लागि गम्भिर संकटको स्थिति हो ।

## नेपाल दलित मुक्ति मोर्चा, धादिङ जिल्ला कमिटि संयोजक सुजन रम्तेलव्दारा क्यान्टिनमा कार्यरत दलित युवालाई जागिरबाट निस्कासन गरिएको घटनाप्रति प्रेस विज्ञप्ति प्रकाशित

धादिङ । धादिङ्ग जिल्ला गङ्गाजमुना गाउँपालिकाद्धारा सञ्चालित पालिकाको चमेनागृह (क्यान्टिन) मा कुकका रुपमा कार्यरत सुवास बि.कलाई, विश्वकर्मा भएकै कारण जागिरबाट निस्कासन गरिएको जानकारी प्राप्त भएको छ । उक्त घटनाप्रति धादिङ जिल्ला कमिटि संयोजक सुजन रम्तेलव्दारा भर्त्सना गर्दै निम्न प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ ।



"सम्पूर्ण उत्पीडित तथा दलित समुदाय-एकजुट होऔं"
नेपाल दलित मुक्ति मोर्चा
Dalit Liberation Front of Nepal
धादिङ्ग जिल्ला कमिटि
Dhading District Committee

पत्र संख्या/Serial No :
चलानी नं./Regd. No :

प्रेस विज्ञप्ति

विषय : गाउँपालिकामा संचालित क्यान्टिनमा कार्यरत दलित युवालाई जागिरबाट निस्कासन गरिएको घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको बारे ।

धादिङ्ग जिल्ला गङ्गाजमुना गाउँपालिकाद्धारा सञ्चालित पालिकाको चमेनागृह (क्यान्टिन) मा कुकका रुपमा कार्यरत सुवास बि.कलाई, (विश्वकर्मा भएको कारण) जातको आधारमा जातीय जागिरमुक्त गराइएको बारे हाम्रो संगठन नेपाल दलित मुक्ति मोर्चा गम्भीर ध्यानाकर्षण भएको छ उक्त घटनाको भर्त्सना गर्दछौं ।

नेपालको संविधानको धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हक र जातीय छुवाछूत तथा भेदभाव कसुर र सजाय ऐन- २०६८ प्रतिकुल हुनेगरि जातको आधारमा जागिरमुक्त गरि एक्काइसौं शताब्दीमा पनि जातीय छुवाछूत जस्ता असामाजिक, अमानवीय, गैरकानुनं व्यवहारले निरन्तरता पाइराख्नु निकै नै विडम्बना पुर्ण रहेको छ । यस घटनाले समाजका अगुवा रहेका जनप्रतिनिधीहरुको सामाजिक चेतना कुन स्तरको छ ? भन्ने तथ्यलाई उदाङ्गो पार्दछ । यस घटनामा गाउँपालिकाका अध्यक्ष लगायतका संलग्नताले गैरजिम्मेवारीपूर्ण ढङ्गले सार्वजनिक पदको दुरुपयोग भएको छ ।

अतः हामी यस प्रकारका अनैतिक, गैरजिम्मेवारीपूर्ण र गैरकानुनी घटनाको घोर भर्त्सना गर्दछौं । साथै पीडितले न्याय नपाएको खण्डमा प्रतिरोध गर्न बाध्य हुने अवस्थालाई मध्यनजर गरि सत्यतथ्य छानविन गरि संलग्न दोषी सम्पूर्णलाई हदैसम्मको कारबाही गर्न सम्वन्धित निकायसंग जोडदार माग गर्दछौं । एंवम् सम्पूर्ण दलित तथा उत्पीडित समुदाय र न्याय, समानताको पक्षमा निरन्तर आवाज उठाउने बुद्धिजीवी, पत्रकार, लगायतमा सहयोग गर्नहुन हार्दिक अपिल गर्दछौं ।

मिति :२०७८/०९/२९

संयोजक
सुजन रम्तेल
नेपाल दलित मुक्ति मोर्चा, धादिङ जिल्ला कमिटि

## संसदीय व्यवस्था : संसदवादीहरुका लागि लुटको स्वर्ग ललिता निवासको जग्गा घोटाला प्रकरण : सबै दोषीलाई उन्मुक्ति दिन देउवाको चलखेल

काठमाडौं । बालुवाटारस्थित ललिता निवासको जग्गा घोटाला प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले तोकिएको मितिमा मुद्दा दर्ता गरेन । सीआईबीको हदम्याद पुस २७ गते सकिएको छ । हदम्याद सकिनुअघि अघिल्लो सरकारी वकिलको कार्यालय काठमाडौंले सीआईबीको अनुसन्धान प्रतिवेदनमा प्रमाण नपुगेको भन्दै फिर्ता गरिदिएपछि म्याद गुज्रिएको बताइएको छ । विश्वस्त स्रोतका अनुसार राजनीतिक शक्ति केन्द्रको दबाबमा नै जानी जानी म्याद गुजारिएको छ । यति धेरै सार्वजनिक सम्पत्तिको हिनामिना (घोटाला) भएको यो मुद्दामा राजनीतिक नेतृत्वदेखि उच्च पदस्थ कर्मचारी, व्यापारी हुँदै भूमाफियासम्म जोडिएका थिए । यो मुद्दामा जोडिएकाहरुकै दबाबका कारण सिआइबीले दोषीहरुका विरुद्ध मुद्दा नचलाएको स्रोतको दाबी छ ।

***बालुवाटार जग्गा प्रकरण : तल्लो तहका कर्मचारीविरुद्ध मात्र मुद्दा चलाउन चलखेल***

पूर्वप्रधानमन्त्रीद्धय माधवकुमार नेपाल, बाबुराम भट्टराईसमेत यो मुद्दा मुछिएका छन् । उनीहरू वर्तमान सरकारको सत्ता साझेदार हुन् । सत्ता गठबन्धनमा असर पर्ने भएका कारण देउवा सरकार यो मुद्दा अगाडि नबढाउन सिआइबीलाई दबाब दिएको बुझिन्छ । सत्ता वा कुनै अमुक नेतालाई बचाउने नाम सार्वजनिक सम्पत्ति दोहन गर्नेलाई छुट्कारा दिने काम कदापि जायज होइन । यो राज्यको सम्पत्ति दोहन गर्नेलाई संरक्षण गर्ने सरकारले जनताको भलो हुने काम गर्ने आशा राख्नु आफूले आफैलाई धोका दिनु हो । त्यति मात्र होइन, अख्तियारको मुद्दा स्वयंमा सरकारका कानुनी सल्लाहकार महान्यायाधिवक्ता खम्बबहादुर खातीले प्रतिवादी (जग्गा हड्प्ने)को पक्षमा बहस गरेकाले यो मुद्दालाई रोकिएको स्पष्ट छ ।

अख्तियारले नेपाली कांग्रेसका नेता एवं तत्कालीन उपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित तीन मन्त्री, तीन सचिवसहित १७५ जनाविरुद्ध मुद्दा दायर गऱ्यो । यसो गर्दा त नेपाल, भट्टराई लगायतलाई उन्मुक्ति दिएको भन्दै आलोचना सहनु परेको थियो । अहिले सीआईबीले तीन वर्ष लगाएर गरेको अनुसन्धानपछि तयार पारेको प्रतिवेदनका आधारमा दोषीहरुका विरुद्ध मुद्दा नै चलाउन दिइएन । सीआईबीले सरकारको एउटा निकाय हो । सरकारमा रहेकाहरूविरुद्ध उसले अनुसन्धान गर्ने आँट गरेको थिएन । राजनीतिक नेतृत्व बाहेक भूमाफिया, कर्मचारी र व्यावसायीलाई मात्र उसले अनुसन्धानको दायरामा ल्याएको थियो । अनुसन्धान प्रतिवेदन पनि एक हप्ताअघि मात्रै सरकारी वकिलको कार्यालयमा बुझाएको थियो। अनुसन्धानको क्रममा राजनीतिक नेतृत्वलाई प्रतिवादी नबनाउनु र दुई प्रतिवादीलाई मात्रै पक्राउ गर्दा नै यो मुद्दा चलखेल भएको स्पष्ट देखिन्थ्यो ।

यो प्रकरणबाट के कुराको पुष्टि हुन्छ भने संसदीय व्यवस्थामा राज्यको स्रोतसाधनको लुट, ब्रम्हलुट मच्चाइएको छ । जतिसुकै ठूलो भ्रष्टाचार र अनियमितता गरे पनि राज्य प्रणालीले नै त्यसलाई चोख्याइदिन्छ । देशको प्रधानमन्त्रीदेखि कर्मचारी र व्यवसायीहरुसम्मको मिलेमतोमा अहिले देश लुट्ने अभियान नै चलाइएको छ । ऐन कानुनै बनाएर बैधानिक रुपमा देश र जनतालाई लुटिइरहेका छन् । यस्ता वैधानिक लुटेराहरुको हातबाट यो देशको शासनव्यवस्था तथा समग्र राज्यव्यवस्था खासेर लिने स्तरको तागतका साथ आमूल परितर्वनका पक्षधर जनता सडकमा नउत्रेसम्म लुटको धन्धा चलाइरहने छन् संसदीय व्यवस्थाका मतियारहरुले ।

# नेपालको सामाजिक वर्ग–संरचना र नयाँ जनवादी क्रान्ति



● सीताराम तामाङ ●

*'त्यसैले नेपाली जनताले एउटा भिन्नै बाटो लिनु पदर्छ । त्यो बाटो हो–विश्व जनवादी शिविरसित सकृय मेल गरी विद्यमान सामन्ती ब्यवस्था र नेपालमाथिको साम्राज्यवादी–पँ!जीवादी आधिपत्यलाई पुरैसित खतम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको राज्य स्थापना गर्नु, अर्थत यस्तो राज्य–व्यवस्था स्थापना गर्नु जसमा राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् ।'*

१) युरोपमा मध्ययुगीन सामन्ती-उत्पादन व्यवस्थाको स्थान पुँजीवादी उत्पादन व्यवस्थाले लिन थालेपछि सामन्तवादी नेता-राजतन्त्रले उदीयमान पुँजीपति वर्गमाथि प्रहार गऱ्यो । अनि पुँजीपति वर्गले मजदुर-किसानको सहयोग लिन स्वतन्त्रता, भातृत्व र समानताको नारा दिए र राजतंत्रको ठाँउमा गणतन्त्रको स्थापनाले राष्ट्रिय अर्थतन्त्रको विकास युराप भरि पुँजीपतिवर्गको नेतृत्वमा राष्ट्रिय अर्थतन्त्रको विकास हुनेछ र समानताको संस्कृति फूल्न र फल्न सक्नेछ भन्ने प्रसार गरे । युरोपभरी पुँजीवादी क्रान्तिले पकड जमायो तर परकाष्ठ फ्रान्समा भयो । सन् १७७९मा फ्रान्सका बादशाह १८ औं लुईलोई गिलोटिनमा चढाई उनको टाउको काटेर भूईमा फ्याकियो । निरंकुश राजतन्त्रको ठाउँमा जनवादी गणतन्त्रले लियो । सामन्तवादी युगको अन्त र पुँजीवादी युगको प्रारम्भ भयो ।

तर सामन्तवादको विरुद्ध क्रान्तिकारी भूमिका खेलेको पुँजीपति वर्गले मजदुर वर्ग सँगको अन्तर्विरोध हाल गर्न सकेन, बरु फ्रान्समा नै पुँजीपति र मजदुरको अन्तर्विरोध विष्फोटक अवस्थामा पुग्यो । फ्रान्सेली क्रान्तिपछि गठन भएको पहिलो गणतन्त्र १८१४ मा पुनः राजतन्त्रको स्थापना पछि अन्त भयो । यो राजतन्त्रको विरुद्ध १८३० मा क्रान्ति भयो । अर्कै वंशको राजा फिलिप्स गद्दीनसीन भयो । यो राजा पुँजीपति वर्गको आदेश पालक थियो । यो पुँजीवादी गणतन्त्रीय सरकारले सन् १८३३ मा फ्रान्सको ल्योयन्स भन्ने सहरमा भएको ऐतिहासिक मजदुर हड्तालललाई कत्लेआम गऱ्यो । यो हत्याकाण्डले पुँजीपति वर्गको स्वतन्त्रता, समानता र भातृत्वको नाराको पर्दाफास भयो । यो हत्याकाण्डबाट सामन्त, पुँजीपति र मजदुर वर्गले भिन्दाभिन्दै शिक्षा ग्रहण गरे ।

क) युरोपको सामन्तवर्गले उदाउदो पुँजीपतिवर्गलाई प्रशासनमा ठाँउ दिनु पर्ने भन्ने सिके नत्र फ्रान्समा जस्तो राजगद्दी नै जान सक्नेछ । मजदुर, किसान र पुँजीपति वर्गलाई मिल्न दिनु हुँदैन ।

ख) युरोपको पुँजीपति वर्गले सामन्त वर्गसँग नमिल्ने हो भने फ्रान्सको ल्यायोन्समा भए जस्तो मजदुर वर्गको विद्रोहको सामना गर्नु पर्नेछ ।

ग) मजदुर वर्गले पनि पुँजीपति वर्गको वर्ग चरित्र स्पष्ट बुझ्यो र उसले आफूलाई स्वतन्त्र राजनीतिक शक्तिको रुपमा संगठित गरी पुँजीको विरुद्ध संघर्ष गर्नु पर्छ भन्ने शिक्षा लियो ।

यो घटनाले १५ वर्षपछि 'विश्वका मजदुरहरु एक होय !' भन्ने नाराका साथ विश्व प्रसिद्ध "कम्युनिष्ट घोषणापत्र" को प्रकाशन भयो जसले मजदुर आन्दोलनको सुस्पष्ट कार्यपदशा बताएको थियो ।

ल्योपन्सको हत्याकाण्ड पछि पुँजीपति वर्गले सामन्तवादसँग संभौंतापरस्त नीति अपनाउन थाल्यो । अव परम्परागत (सामन्ती) र आधुनिक (पुँजीवादी)को एकतामा नै देशको विकास । सामन्ती र पुँजीवादी वर्गको भलो) हुन सक्तछ भन्ने प्रतिकृयावादी सिद्धान्तको आविष्कार भयो । अवः पुँजीपतिवर्गले सामन्त विरोधी कृषिक्रान्तिको नेतृत व गर्न सक्तैन भन्ने कुरा प्रष्ट भयो ।

अब प्रश्न उठ्छ,पुँजीवादी जनवादी क्रान्ति कुन वर्गको नेतृत्वमा सम्पन्न हुन सक्छ ? सामन्त र पुँजीपति वर्गको वीचमा भए पछि यो क्रान्तिको नेतृत्वको अभिारा मजदुरवर्गको काँधमा आएको कुरा कार्ल मार्क्सले 'कम्युनिष्ट घोषणापत्रमा' स्पष्ट बताउनु भएकोछ ।

यस सम्बन्धमा लेनिनले 'दुई कार्यनीति' पुस्तकमा लेखेका छन् । उनको अनुसार पुँजीवादी जनवादी क्रान्तिको नेतृत्व गरी त्यसलाई सम्पन्न गर्नु स्वयं पुँजीपति वर्गको स्वार्थ अनुकुल नभएको हुँदा, त्यो वर्गले उक्त क्रान्तिको नेतृत वगर्न सक्तैन तर पुँजीवादी जनवादी क्रान्तिलाई क्रान्तिकारी तरिकाले समान गर्दा मजदुर वर्गको स्वार्थको अनुकुल हुने हुँदा मजदुर वर्गले त्यस क्रान्तिको नेतृत्व गरी पुँजीवादी जनवादी क्रान्तिलाई सम्मान गर्नु पर्दछ । उनले लेखेका छन् '... मजदुर र किसान वर्गको क्रान्तिकारी जनवादी अधिनायकत्व, समाजवादीहरुको लागि निःसन्देह एक क्षणिक र अस्थायी लक्ष हो , तर जनवादी क्रान्तिको अवस्थामा यो लक्षको उपेक्षा गर्नु सरासर प्रतिकृयावादी कुरा हुनेछ ।'

'त्यो समय पनि आउनेछ, जव रुसमा एकतन्त्रको विरुद्ध संघर्ष अन्त हुनेछ र जनवादी क्रान्तिको युग समाप्त हुनेछ । त्यस वखत मजदुर तथा किसान वर्गको एकवद्ध इच्छाशक्ति र जनवादी अधिकत्व, आदिको कुरा गर्नु हास्यास्पद हुनेछ । त्यो समय आएपछि मजदुर वर्गको समाजवादी अधिनायकत्वतिर ध्यान र त्यसमा बिस्तारपूर्वक विचार गर्नेछौ ।'

क. माओले लेनिनको यसै सिद्धान्तलाई आधार मानेर "चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिष्ट पार्टी (१९३९) र नयाँ जनवादीबारे (१९४०)' पुस्तिकाहरु सामन्ती, अर्ध-सामन्ती, औपनिवेशिक तथा अर्ध-औपनिवेशिक मुलुकहरुमा पहिले पुँजीवादी जनवादी क्रान्ति गर्ने र क्रमसः समाजवादी क्रान्तिमा परिवर्तन गर्नु पर्ने बताएका छन् ।

क. पुष्पलालले नेपाल पनि सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ । हाम्रो देशको पुँजीपतिवर्गले देशमा सम्पन्न हुने पुँजीवादी जनवादी क्रान्ति गर्न ऐतिहासिक रुपले असमर्थ छ । नेपाली काग्रेसका नेताहरुको राजासँग संघर्ष र सम्भौताको नीतिलाई यसै सन्दर्भमा मात्र ब्याख्या गर्न सकिन्छ । नेपालमा सम्पन्न हुने पुँजीवादी क्रान्तिको नेतृत्व गर्ने ऐतिहासिक जिम्मेवारी मजदुरवर्गको काँधमा आएकोछ । तसर्थ नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा (१५ सेप्टेम्बर १९४९) भनिएकोछ :

'त्यसैले नेपाली जनताले एउटा भिन्नै बाटो लिनु पदर्छ । त्यो बाटो हो-विश्व जनवादी शिविरसित सकृय मेल गरी विद्यमान सामन्ती ब्यवस्था र नेपालमाथिको साम्राज्यवादी-पँ!जीवादी आधिपत्यलाई पुरैसित खतम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको राज्य स्थापना गर्नु, अर्थत यस्तो राज्य-व्यवस्था स्थापना गर्नु जसमा राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् ।'

***२) नेपाल कम्युनिष्ट आन्दोलन***

मार्क्सको भनाईछ- 'प्रत्यक नयाँ र क्रान्तिकारी विचार धाराको उत्पत्ति त्यस समयको समाजको आर्थिक परिस्थितिबाट पैदा हुन्छ ।' क. पुष्पलालले भनेको सामन्ती, अर्ध-सामन्ती र अर्ध औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्था अहिले छैन-नेपाली समाज अब पुँजीवादी भइसक्यो । तसर्थ अवको क्रान्ति नयाँ जनवादी नभएर शान्तिपूर्ण समाजवादमा संक्रमण हो भन्ने ओली, माधव-प्रचण्ड समुहहरु छन् । त्यसरी नै विप्लव समुहले पनि आजको नेपालको उत्पादन सम्वन्ध सामन्ती वा अर्ध-सामन्ती प्रकारको नभई पुँजीवादी उत्पादन-सम्वन्ध विकासित भइसकेको । यद्यपि मसग्र देशको आर्थिक-अवस्था भने पिछडिएको अवस्थाछ । तसर्थ अब हुने बैज्ञानिक समाजवादी क्रान्ति पहिले भन्ने गरिए जस्तो मजदु-किसान एकताको आधारमा नभई सर्वहारावर्गको किसान, मजदुर र मध्यम वर्गलाई राज्यसत्तामा हिस्सेदारी रहने खाल्को एकीकृत जनक्रान्तिको कार्यदिशा आवश्यक छ ।

ने.क.पा.ले.आफ्नो 'पहिलो पर्चा र पहिलो घोषणापत्र'मा सामन्ती र साम्राज्यवादी पुँजीवादी व्यवस्थाको विकल्प जनवादी समाजवादी राज्यसत्ता हुने र त्यस्तो व्यवस्था गर्ने लोकतान्त्रिक शक्तिलाई एकताबद्ध गरेर विभिन्न रुपको संघर्षद्धारा हुने कुरा प्रष्ट गरिएकोछ । सन् १९५१ मा कलकत्तामा भएको ने.क.पा. को प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलनले नेपाली समाज अर्ध सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा भएकोले यतिवेलाको क्रान्ति जनवादी क्रान्तिको चरणमा रहेको निसकर्ष निकालेको थियो । २००८ सालदेखि २०१२ सालसम्म पार्टीले किसान संघर्ष देशव्यापी चर्काएको थियो । तर मनमोहनको नेतृत्वमा २०१० सालमा भएको पार्टीको प्रथम महाधिवेशनले राजतन्त्रप्रति नरम रुप अपनायो, २०१२सालमा भएको पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले पनि त्यही काम गऱ्यो । २०१३सालको पि.वि.को बैठकले 'शान्तिपूर्ण आन्दोलन र बैधानिक राजतन्त्रलाई स्वीकार्ने' वक्तव्य दिन सार्वजनिक रुपले मञ्जुर गरेर पार्टीमाथिको प्रतिबन्द २०१३ सालमा हटाउन लगाईयो । यो घटनाहरु पछि पार्टीमा दुइ लाइनको संघर्ष सुरु भएको देखिन्छ । मनमोहन, रायमाझी, तुलसीलाल, आदि संशोधनवादी (राजावादी) भ एभने पुष्पलाल क्रान्तिकारी धारमा देखिए । त्यसपछि कम्युनिष्ट राजनीतिमा धेरै घुम्तिहरु आए । २०४७ सालको परिवर्तन पछि मनमोहन र माले पार्टी एक भएर एमाले बनेपछि त्यो पार्टीले संशोधनवादिरुप धारण गऱ्यो, राजासँग सहकार्य गऱ्यो र नयाँ जनवादी धान्तिलाई तिलाञ्जली दियो । त्यो पार्टीको २०७०को महाधिवेशनले औपचारिक रुपमै नेपाल अर्ध-सामन्ती तथा अर्ध-उपनिवेश नभएको, पुँजीवादी क्रान्ति पुरा भएको र शान्तिपूर्ण समाजवादकोबाटो हिड्ने घोषणा गऱ्यो । त्यसरी नै १० बर्ष जनयुद्धको नेतृत्व गरेको ने.क.पा.(माओवादी केन्द्र)को २०७१सालको महाधिवेशनले पनि एमालेकै भाषा दोहऱ्यायो । अवको बाटो शान्तिपूर्ण समाजवादको बाटो हो । अहिले विप्लव समुहले पनि मजदुर, किसान र मध्यमवर्गको राज्यमा हिस्सा रहने एकीकृत क्रान्तिकोबाटोबाट वा जनमतसंग्रहबाट बैज्ञानिक समाजवादमा पुग्ने कुरो उठाएका छन् ।

के पुष्पलालले भनेका नेपाली समाजको आर्थिक परिस्थिति बदलियो ? अव नेपाली समाज अर्ध-सामन्ती, अर्ध-उपनिवेश तथा नवउपनिवेशिक अवस्थामा रहेन ? नेपाली समाजमा धेरै परिवर्तन भएको छ रहुँदै जानेछ तर पुष्पलालले भनेका मूलभूत चरित्रमा परिवर्तन भएको छैन । बरु एमाले (ओली-माधव) र माओवादी केन्द्र (प्रचण्ड) समुह यही संसदीय ब्यवस्थालाई आत्मसाथ गर्न आफै बललिएका हुन । यिनका समाजवाद ने.का.,पञ्च समेतको नेपालको संविधान (२०७२)मा लेखिएको-समाजवाद हो, जो कहिल्यै आउनेछैन ! जहाँसम्म विप्लवको कुरो छ, उनको एकीकृत क्रान्ति वा जनमतसंग्रहबाट आउने बैज्ञानिक समाजवादको नीयति पनि एमाले र माओवादी केन्द्रकै जस्तो नहोला भन्न सकिन्न ।

***३) अर्ध सामन्ती अर्थतन्त्र***

केही समय यता आएर शहरका आसपासमा र सडक छेउछाउमा कृषिमा ब्यवसायीकरण भएको देखिन्छ । कृषिको परम्परागत सामन्तवादी सम्वन्धमा केही परिवर्तन भएर पुँजीवादी व्यवसायिकरण प्रकृतिको स्वेतीपातीमा वृद्धि भएको देखिन्छ । त्यसलाई पनि छीमेकी देशहरुबाट आउने कृषिजन्य उत्पादनहरुले थिचेको अवस्थाछ । यो केही परिवर्तनलाई एमाले, प्रचण्ड र विप्लव प्रवृत्तिले पुँजीवादी भएको तर्क गरेर समाजवाद वा बैज्ञानिक समाजवादतर्फ संक्रमणको कुरा गरेका छन् र नयाँ जनवादी क्रान्तिलाई नकारेका छन् । तर सरकारी तथ्यांक हेर्दा स्पष्ट हुन्छ राजा महेन्द्रले गरेको भूमि सुधार (२०२१ साल) कार्यक्रम भएको आज ६० बर्षपछि आएर हेर्दा कृषि विकास र भूमि वितरणको प्रवृत्तिमा खासै अन्तर परेको देखि दैन । सन् १९७१/७२मा ०.५ हेक्टर भन्दा कम जमिन हुने परिवार ५६.० प्रतिशत थियो र उनीहरुसँग जमिनको पकड १९.० प्रतिशत थियो । सन् २०११।१२ मा ०.५ हे.भन्दा कम जमिन हुने परिबार ५२.० प्रतिशतको हातमा २०.०प्रतिशत जमिन देखिएकोछ । हाल ०.५ हे. जमिन हुने (४०.० प्रतिशत परिवारको हातमा ५७.० प्रतिशत जमिन छ । २.० हे. भन्दा माथि ५.० प्ररिवारको हातमा २३.० प्रतिशत जमिन देखिन्छ । ६० बर्षको वीचमा खासै परिवर्तन भएको देखिदैन । पुँजीवादी खेतीको लागि जमिनको ठूलठूलो चक्लावन्दी चाहिन्छ । अहिलेसम्मको भूमि वितरण त्यस प्रकारको छैन । सन् २००१/०२मा ८०.० प्रतिशत किसानले जमिन आफै कमाउथे भने २०११/१२ मा ८४.० प्रतिशत किसानले हलो जोतेको देखिन्छ । सानु जोतको कारण कृषिक्षेत्रबाटै बढी युवाहरु बैदेशिक रोजगारीमा गएका छन् । यसैलाई नै नेपाल अव पुँजीवादी भयो भन्न मिल्ला ! कार्ल मार्क्सका अनुसार सानु जोत र स्वतंत्र दस्तकारिता, दुबै मिलेर सामन्तवादी उत्पादन प्रणालीको आधार बन्दछ । सामन्ती व्यवस्था भंग भएपछि पुँजीवादको साथमा पनि पाईन्छ तर यतिलाई नै पुँजीवादी पूर्णता भयो भन्न मिल्दैन । लेनिनले भनेका छन् पुँजीवादी अर्थतन्त्र एकैचोटी जन्मन सक्तैन र त्यसरी नै सामन्ती अर्थतन्त्र पनि एकै चोटी खत्तम हुन सक्तैन । सामन्तवादी र पुँजीवादी उत्पादन प्रणाली, दुबैको लक्षणहरु भएको संक्रमण अवस्था-अर्धसामन्ती अवस्था हो । नेपालमाथिको भारतीय विस्तारवादी र पश्चिमा साम्राज्यवादी गिद्धदृष्टि हटेको अवस्था पनि अहिले होइन । तसर्थ क. पुष्पलालले विश्लेषण गर्नु भएको नेपाल अर्ध-सामन्ती, अर्ध-उपनिवेशिक र नव-औपनिवेशिक अवस्थाको मुलक हो भन्ने कुरामा रुपमा केही परिवर्तन भए पनि सारमा परिबर्तन नभएको यथार्थलाई हामीले स्वीकार्नु पर्दछ । यस्तो अवस्थाबाट मुक्तिको बाटो नयाँ जनवादी क्रान्ति हो भन्ने कुरामा कतै दुविधा पाल्नु पर्ने कारण पछि छैन । २०७८।०४।०३

srtamang@gmail.com

## वैज्ञानिक...

असमानताहरुको कारण आर्थिक शोषण हो र त्यसबाट मुक्तिका लागि समाजमा वर्गसंघर्ष हुन्छ ।

अहिले विश्वमा पुँजीपति वर्गले वैज्ञानिक समाजवादको अपरिहार्यता देखेर त्यसलाई दिशाविहीन बनाउन समाजवादको खोल ओढेर प्रतिक्रियावादी समाजवादलाई लोकतान्त्रिक समाजावाद, २१औ शताब्दीको समाजवाद, एउटा देशको विशेषतामा आधारित समाजवादआदि इत्यादी नाममा आ–आफना देशहरुमा लागु गरिरहेका छन् । यही नेपालको वर्तमान संसदवादी र संशोधनवादी कम्युनिस्ट पार्टीहरुवारे पनि सत्य हो । उनीहरु सबैले समाजवादी कार्यदिशाको कुरा गरेर जनतामा भ्रम पारिरहेका छन् । तर सही अर्थमा उनीहरुले भन्ने वैज्ञानिक समाजवाद नभई प्रतिक्रियावादी समाजवाद हो ।

वैज्ञानिक समाजवाद र प्रतिक्रियावादी समाजवादमा पाइने अन्तरहरुमध्ये एउटा मूल अन्तर छ, त्यो हो संशदीय व्यवस्थामा आधारित समाजवाद । चीनमा अर्को समाजवादको प्रयोग गरिएको छ–चीनको बिशेषतामा आधारित समाजवाद । त्यो पनि वैज्ञानिक समाजवाद नभई प्रतिक्रियावादी समाजवाद नै हो । यसरी विश्वमा अहिले वैज्ञानिक समाजवादी सत्ता र सरकार छैनन ।

वैज्ञानिक समाजवाद वाहेक अन्य जे जति नामाकरण गरिएका समाजवाद छन्, ती सबै पुँजीवादी समाज व्यवस्थाभित्रकै विभिन्न नाम हुन । वैज्ञानिक समाजवाद मात्रै सही मानेमा समाजवाद हो । किनभने यसको सपना केवल काम गर्ने वर्ग(मजदुर, किसान, भूमिहीनहरु(ले देखेको सपना हो र यसको प्राप्ती वर्गसंघर्षव्दारा मात्रै सम्भव छ । वर्गसंघर्षव्दारा पुँजीपति वर्ग तथा सबैखाले प्रतिक्रियावादी सत्तालाई ध्वम्श गरेर र ती सत्ताच्युत वर्गमाथि सर्वहारावर्गको अधिनायकत्वमा आधारित राज्यसत्ताको स्थापनाबाट मात्रै सम्भव छ ।

वर्तमानको पुँजीवादी साम्राज्यवाद जो हजारौं वर्ष पूरानो सामन्तवाद एवं त्यसको संस्कारसमेत बोकेर आएको छ, त्यसका विरुद्ध थोरै वर्षको मात्र अनुभव प्राप्त गरेको वैज्ञानिक समाजवादको बीचमा भएको लडाइँमा आधा विश्व जितेर पनि अहिले हारेको अवस्था छ तर यो हार्नु अस्वाभाविक छैन ।

यो हारलाई अहिले पुँजीवादी साम्राज्यवादका दलालहरु(संशदवादी र संशोधनवादी)ले मार्क्सवादी सिद्धान्तमा देखिएका कमि कमजोरी हो, त्यसैले मार्क्सवादमामा संशोधन गर्न आवश्यक छ भन्दै

विभिन्न रुप र रंगमा अहिले समाजवदी विकास भनिरहेका छन् । मार्क्सवादलाई संशोधन गर्नेहरुको बोलवाला वर्तमान विश्व कम्युनिस्ट आन्दोलनमा बलियो देखिएको छ । र नेपालमा पनि यिनै कम्युनिस्टहरु, जसलाई संसदवादी र संशोधनवादी कम्युनिस्ट भनिन्छ, उनीहरुको बोलवाला छ । आफूलाई क्रान्तिकारी कम्युनस्ट भन्नेहरु पनि कार्यनीतिक नारा भन्दै त्यसैलाई बलियो बनाउने कशरतमा छन् । यद्धपि उनीहरुलाई पनि यो थाहा नभएको होइन कि सर्वहरावर्गको यो हार अस्थायी र क्षणिक मात्र हो ।

समाजमा दुई वर्ग रहुञ्जेल वर्गसंघर्ष हुँदै अन्ततः इतिहासमा उदीयमान श्रमजिवी वर्गको विजय हुनु निश्चित छ । त्यसैले इतिहासमा उदीयमान श्रमजिवी वर्गको विजयलाई रोक्न अहिले पुँजीपति वर्ग तथा सबैखाले प्रतिक्रियावादीहरु र आफूलाई कम्युनिस्ट भन्नेहरु सबै एक जुट भएका छन् वैज्ञानिक समाजवादलाई रोक्न समाजवादको नारा लिएर र कम्युनिस्ट क्रान्तिकारीहरुभित्र रहेको पूरानो पुँजीवादी चिन्तन–व्यक्तिगत लाभ–हानी, पद, पैसा, हैकम, रवाफआदि प्रतिको आशक्ति र मोहलाई उपयोग गरेर ।

कम्युनिस्ट क्रान्तिकारीहरु लामो समय क्रान्तिको मार्गमा टिक्न नसक्नुका पछाडि उनीहरुमा विद्यमान पूरानो पुँजीवादी चिन्तन हावी हुँदै जानु र सर्वहारा चिन्तन हराउँदै र कमजोर बन्दै जानु हो । यसका लागि वर्गसंघर्ष कमजोर वन्दै जानु र कम्युनिस्ट क्रान्तिकारीहरुमा नियमित स्कुलिंगको अभाव हुँदै जानु हो । मूलतः वर्ग संघर्ष कमजोर बन्दै जानु र त्यसको स्थान जातीय, धार्मिक तथा अन्य संघर्षहरुले लिनु । यी संघर्ष पनि आवश्यक र जरुरी छन् तर यस्ता प्रत्येक संघर्षले वर्गीय संघर्षको झण्डालाई कमजोर नभई शशक्त बनाउन मद्तगार बन्नु पर्छ ।

त्र ा न्ति का री ह रु ल े माओको दुईलाइनको निरन्तर क्रान्तिको सिद्धान्तअनुसार पार्टीलाई सर्वहारा वर्गको निगरानी र नियन्त्रणमा राखेर मात्रै हरेक प्रतिक्रान्तिको खतरालाई रोक्न सकिन्छ, जसका लागि नेता र कार्यकताहरूले निरन्तर आत्मसंघर्ष र आलोचना, स्वआलोचना नहुनु, परिणाम नेता तथा कार्यकर्ता अर्को वर्गमा क्रमसः रुपान्तरण हुनु र कार्यकर्ताको मनोवल कमजोर हुँदै जानु र नेताहरूमा निरंकुश प्रवृत्ति हावी हुँदै जानु हो ।

यसका निम्ति माओले भनेका निम्न भनाइहरु सान्दर्भिक छन् - ँविचाराधारात्मक राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैथोक निर्धारण गर्दछ । राजनीतिक कार्यदिशा सही छ भने नभएको चीजहरू पनि क्रमशः प्राप्त हुँदै जान्छ । राजनीतिक कार्यदिशा गलत छ भने भएका चीजहरू पनि गुम्दै जान्छ ।'

राजनीतिक कार्यदिशा कम्युनिस्ट पार्टीको जीवन हो । माओले राजनीतिक कार्यदिशालाई धमनीको रुपमा परिभाषित गरेका छन् । सर्वहारावर्गको कार्यदिशा वैज्ञानिक समाजवाद हो र यसको प्राप्ती वर्गसंघर्षबाट मात्रै सम्भव छ , वैज्ञानिक समाजवाद बाहेक अरु सबै समाजवाद सर्वहारा वर्गीय क्रान्तिकालागि भ्रम र धोका हुन ।

वैज्ञानिक समाजवादलाई रोक्न आएका नक्कली समाजवादीहरुलाई क्रान्तिकारीहरुले समयमा नै पहिचान गरी तिनीहरुको भण्डाफोर आवश्यक छ । यस्ता संशदवादी र संशोधनवादीहरुको बलियो आधार भनेको पुँजीवादी साम्राज्यवादको नेतृत्वको आधार संशदीय व्यवस्था नै हो । त्यसैले क्रान्तिकारीहरुले संशदवाद र त्यसलाई बलियो बनाउन खालका कार्यनितका विरुद्ध संघर्षका विभिन्न कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनव्दारा मात्र सम्भव छ ।

hukumsingh2012@yahoo.com

# हामी गण्डक अभियानमा छौँ



● क्षितिज मगर ●

***१ माघ २०६२, साँझ ७ : ४० बजे (भोचाखर्क, गोठादी, पाल्पा)***

'यो गामठाम निकै रमाइलो । थिति पनि ठीकै छ'करे ।' आजको मेरो दैनिकी अथवा अनुभूति दुई वाक्यमै भए पनि यहाँको ठेट भाषामै अभिव्यक्ति गर्नु मनासिबै लाग्यो मलाई । हरेक ठाउँअनुसार आ-आफ्नै ठेट भाषा त हुन्छ नै । तर मलाई यहाँ बिछट्टै राम्रो लाग्यो । मैले पश्चिम जाजरकोटतिर कुल्चेको पनि उहिल्यै हो । पाँचकाटिया प्रहरीचौकि रेडमा जाँदा पहिलोपटक कुल्चेको हुँ । तल रिम्ना दोभानको पुल तरेर उकालो चढ्दाको क्षण अहिलेझैँ लाग्छ, भरखरै जस्तो । बडालेकको बसाइँ, भलिबल खेलाई, माथि लहँ गाउँको घिउ खुवाई, वर जङ्गल (जङ्गलको नाम भुलिहालेँ अहिले) मा काफल खाँदै बसेको क्षण साँच्चै भर्खरैजस्तो लाग्छ । त्यसो त ६ वर्षभन्दा बढी भइसक्यो अहिले । मनमा केही ताजै छ, केही सपाट छ, केही धुमिल छ, सम्झनाका पानाका तस्बीरहरूमा । सबै सजीव त कहाँ राखिँदो रहेछ र ? मान्छेको दिमाग न हो भुलिँदोरहेछ । तर माथि उल्लिखित अनुभूति कति अचम्मैले ताजै छ बाबै । मैले भन्न खोजेको के हो भने त्यहाँको ठेट भाषा पनि सुनेको छु मैले । त्यहाँ डेउडाको भाकामा बोल्छन् । कति आत्मीयसाथ बोलेका थिए त्यो बेला ।

आज पनि गण्डक क्षेत्रको यो मृदुभाषा, यो आत्मीयता, यो सत्कारपना, यो सदासयता मलाई अधिक मीठो लागिरहेछ । कतिपय ठाउँ 'सभ्यता'ले गाँजेर अति कुरूप, बेइमानी र असहिष्णुतामा डुबाएको छ । कतिपय कति निश्छल कति निस्कपट छन् । साँच्चै अग्रगामी चेतनाका धनि पनि छन्, गरीब पनि । सामूहिक चेतना र भावनाका संबाहक पनि छन्, उपहासक पनि । बुर्जुवा शिक्षाको ज्योति हो, निरपेक्ष शिक्षाको ज्योति यस्तै हुन्छ, सायद । प्रतिक्रियावादीहरू सँधै के सोच्छन् भने शिक्षा अथवा निरपेक्ष शिक्षा प्रणालीमा सामाजिक गतिविधि अथवा राजनीतिक लाइनबाट विद्यार्थीलाई टाढा राखेर निश्चित विषयमा मात्र दक्ष बनाउँछन् । उनीहरूलाई कतिपय सामाजिक आधारभित्र पनि उत्पादक शक्तिमा मात्र वा साधनमा मात्र दख्खल बनाइन्छ । त्यससँग सम्बन्धित पक्ष अथवा स्वामित्वबारे बेखबर बनाइन्छ । यो बुर्जुवा वर्गको बिखण्डित प्रणाली हो । बिकेन्द्रीकरणको कुरूप नमुना हो । जब कि यथार्थमा आधारसँग उपरीसंरचनाको परस्पर सम्बन्ध हुन्छ । एक पक्ष नभई अर्को रहनै सक्तैन । उनीहरूको निहित स्वार्थमा खलल नपुगोस् भन्नको खातिर एक पक्ष कटाएर अर्को पक्षमा मात्र सुगारटाई गरिन्छ । त्यसैले परिणाममा के निस्कन्छ भने व्यक्तिगत स्वार्थले घेरिएको नागरिक जन्मिन्छन् । यसो हुनु शासकको शुभ सोचाई मान्छन् बुर्जुवाहरू । त्यसकारण मलाई के लाग्यो भने यो बुर्जुवा शिक्षाले यहाँ विद्वान पनि जन्माएको छ । मुर्ख पनि जन्माएको छ । मैले यस्तो देखेँ । यस्तै भोगेँ । मैले तुच्छ स्वार्थीहरू पनि भेटेँ । उदात्त निस्वार्थीहरू पनि भेटेँ । अनि अनुभूतिमा यस्तै लेखेँ । जस्तो पाएँ उस्तै लेखेँ ।

यो कुरा यहीँ थाती राखौँ । अब लागौँ, मरै अनुभूतिजन्य दिनमा । इन्द्रियग्राह्यजन्य क्षणमा जाऔँ ।

यो मनको कुरो पनि बडो अजिवको हुँदोरहेछ । कतिपय भनेपछि आनन्द मिल्ने । कतिपय नभनेर नै जाती हुने । भन्नै नहुने कुरो गरेपछि बिस्मयकारी हुन्छ । भन्न हुने कुरो गरेपछि ज्ञानबर्द्धक हुन्छ । तर मन चाहीँ धेरै सामर्थ्यवान हुन्छ । यी दुबै कुरा बोकेको हुन्छ । यो ज्ञानबर्द्धक र हानिकारक भन्ने कुरो त परिस्थितिअनुसार नै हुने गर्छ । अहिले ज्ञानबर्द्धक छ, भोली हानिकारक हुनसक्छ । अहिले हानिकारक छ भोली ज्ञानबर्द्धक । मेरो मनमा यस्तै धेरै कुरा छन् गण्डक यात्राका अनुभूतिका पानामा । भोली समयले ज्ञानबर्द्धक बनाइदिएमा भन्ने नै छु । हैन भने मानसपटलमै कैद भई बस्नेछन् । तर आत्मसङ□घर्षको यो मोर्चामा म भन्नै नहुने कुराबाट कहिल्यै हार्ने छैन ।

अँ त आज मौसम निकै धमिलो छ । तुँवालोले ढाकेको घाम तेजहीन छ । धुँवाभित्र आँशु झार्दै आगो तापिरहेका बृद्ध मान्छेझैँ देखिन्छ यहीँ नजिकैको डाँडा पनि । टाढाको झन् कुरै छाडौँ । देखिँदै देखिन्न ।

डीभीजन कार्यालयबाट जानकारी आएको छ 'आज यतै बस्ने ।' बिहानको खाना साढेदस बजे खाइसकेपछि नुहाउन तल खोलामा झर्‍यौँ । पानी धेरै चिसो छ । उसै त झन् खराब मौसम । जेनतेन नुहाइधुवाई गरिसकेपछि फर्‍यौँ ।

दिउँसो केही आराम गरियो । साँझ खाना खानै लाग्दा तयारी अवस्थामा बस्ने आदेश आएपछि एकपटक सबै सल्बलायौँ । तर दोस्रो खबर आयो 'अब नहिँड्ने ।' भोली ५ बजे हिँड्ने खबर आएको छ । हाम्रो बटालियनले बिहानको खाना ४:२० बजे खाइसक्ने सल्लाह भएको छ । यसको लागि रातको साढे दुई बजेदेखि खाना पकाउने निर्देशन गरिएको छ । यो कुरो कमरेड ध्रुव र आस्था कमरेडले कम्पनी कमिसार र कमान्डरलाई बोलाई जानकारी गराइसक्नुभएको छ । साथै बजारबाट मगाइएको लजिष्टिक पनि बितरण गर्नुभयो । कपडा कमरेड सुधीरले ल्याउनु भएथ्यो । हिसाब मिलेन भन्दै अलिक निमग्न देखिनुहुन्छ बिलमै । सकि यता पल्टाउनुहुन्छ, सकि उता जोड्नु हुन्छ । निकै सकसमा पर्नुभएको छ उहाँ ।

उता स्याङजातिरको भिडन्तबारे खबर आएको तर फोनबाट नभन्ने कुरो डीभीजन भीसी कमरेडले गर्नुभएपछि 'के होला त ?' भन्ने निकै खुलदुली लागिरेछ । कमिसार दिदी आस्था पनि यसै भन्दै सुतिसक्नु भएको छ । मलाई लाग्छ, त्यहाँ हाम्रोतर्फ धेरै ठूलो क्षति भएको हुनुपर्छ । सम्भवतः धेरै कमरेडहरूको सहादत भएको हुनसक्ने आशङ्का गरेको छु मैले । यो अपुष्ट आशङ्का मैले सहयोद्धाहरूलाई भन्न हुन्न ।

भोली सबरै उठनु परेको छ हामी सबै ।

## विषय:-प्रेस बक्तव्य

नेपालको कम्युनिष्ट आन्दोलनमा बिगत तीन दशकदखि सङ्गठित भै कृयाशील रहदे र जनयुध्दको सिङ्गो प्रकृयामा सहभागी हुदै आएको म बलराम तिमल्सिना माओवादी आन्दोलनको बिभाजन र बिसर्जनको क्रम तिब्र बन्ने प्रकृयामा केही समयदेखि दक्षिणपन्थी संसोधनवादमा पतन हुन पुगेको माओवादी केन्द्रसँग सम्बन्ध बिच्छेद गरी अध्ययनको प्रकृयामा स्वतन्त्र रुपमा थिएँ । दुनियाँ बदल्नको लागि क्रान्तिकारी बिचार चाहिन्छ र क्रान्तिकारी बिचारसँगै क्रान्तिकारी पार्टी र नेतृत्वको पनि त्यतिनै जरुरी पर्छ भन्ने मार्क्सवादको आधारभूत ज्ञान भएको मैले लामो समय असङ्गठित जीवन बिताउनुभन्दा आफूलाई सबैभन्दा ठीक लागेको बिचार तथा नेतृत्व छनौट गर्ने प्रकृयामा नेकपा ( क्रान्तिकारी माओवादी) लाई छनौट गर्न पुगेको छु। हरेक क्रान्तिकारी पार्टीभित्र नयाँ तथा पुराना बिचार अनि सही तथा गलत बिचारका बीच निरन्तर बहस चलिरहेको हुन्छ। निरन्तरको बहसले नै पार्टीलाई जमेको पोखरी हैन गडगडाएर बग्ने पहाडी नदी बनाउन मद्दत पुग्ने गर्छ। वर्तमान विश्व, नेपाली समाजको विद्यमान चरित्र तथा क्रान्तिको भावि कार्यदिशाको वारेमा म प्रवेश गर्दै गरेको पार्टिभित्र पनि निश्चित रुपमा बहसहरू होलान र त्यो बहस चलि नै रहने छ।त्यो बहसमा भाग लिन र पार्टीलाई ताजा एवम् क्रान्तिकारी बनाइराख्न कम्युनिष्ट अनुशासन भित्र रहेर प्रयत्न गर्नु मेरो पनि दायित्व हुने छ र मैले त्यो गर्ने छु । नेपाली समाजलाई बदलेर जनताको नयाँ जनवादी ब्यबस्था स्थापना गर्ने उद्देश्यले नेपाली समाजमा सुरु भएको महान जनयुध्दमा जीवन बलिदान गर्ने हजारौं सहिदहरूका सपनाहरू अधुरै छन्। हजारौं वेपत्ता योध्दाहरूको हालखवरको अत्तोपत्तो छैन। सहिद तथा वेपत्ता परिवार, घाइते योध्दाहरू, हिजो जनयुध्दमा सामेल जनसेना तथा कार्यकर्ताहरू, मजदूर, किसान, महिला, दलित, मधेशी , मुस्लिम, जनजाती तथा अल्पसङ्ख्यक समुदायहरू आफू ठगिएको , अपमानित बनेको र धोका पाएको ब्यबहारिक अनुभूति गरिरहेका छन। ठीक यस्तो वेलामा देशै भरी छरिएर रहेका क्रान्तिकारीहरू यथासक्य छिटो सङ्गठित बन्नु पर्ने, नजिकका मित्र शक्तिहरू एकता या संयुक्त मोर्चामा सामेल हुनु पर्ने र क्रान्तिको झण्डालाई अझ आत्मविश्वासका साथ उठाउनु पर्ने दायित्व आज हाम्रो काँधमा छ। परिस्थितिको त्यही बस्तुगत आवस्यकतालाई महसुस गरी म आजका मितिबाट फेरि आफ्नो पुरानो कम्युनिष्ट परिवारमा सामेल हुन आइपुगेको छु। यो खुसीको खबर हाम्रो बर्ग तथा हामीबाट मुक्तिको नेतृत्वको अपेक्षा गर्ने जन-बर्गहरूमा बाँड्न पाउँदा मलाई अपार आनन्द तथा गौरवको महसुस भैरहेको छ। आशा छ, मलाई समाजको एउटा असल सदस्यको रुपमा सर्बहारा बर्गको सेवक बनेको देखिरहन चाहने मेरा साथीहरू मेरो यो निर्णयबाट प्रसन्न नै हुनु हुने छ र आगामी दिनमा क्रान्तिकारी आन्दोलनमा गोलन्द बन्ने दिशातिर पक्कै सोच्नु हुने छ। एउटा निश्चित पार्टीको सदस्य भैसकेपछि पनि स्वतन्त्र रुपमा रहिरहेका कम्युनिष्ट मित्रहरू तथा कम्युनिष्ट पाठशालाको खोजीमा रहेका इमान्दार समूहहरू अनि वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक मित्रहरूसँगको मेरो हार्दिकता, छलफल तथा पारस्परिक सहयोग यथावत रहने छ र हामी अझ ठूलो स्तरमा ध्रुवीकृत बन्ने वातावरण निर्माण गर्न मद्दत नै पुग्ने छ । अन्तमा क्रान्तिको निःस्वार्थ सेवा गर्ने मेरो यो कदमलाई सम्बन्धित सबै क्रान्तिकारी पक्षबाट सद्भाव र सहयोग प्राप्त हुने छ भन्ने आशा लिएको छु।


क्रान्तिकारी अभिवादन सहित !

बलराम तिमल्सिना 'विप्लव'

२०७८ पुस २७

## ❑ साताको कविता

### गजल



❑ कल्पना पौडेल 'जिज्ञासु' ❑

*चुनाव आउँदा घरगाउँमा राजनीति तुफान चल्छ*
*घोषणा पत्र एजेण्डामा देश निर्माणको बखान चल्छ*

*नारा जुलुस घन्काउँछन गाउँ बस्ति चोकचोकमा*
*पार्टी बीचमा होडबाजी र प्रचारबाजी उठान चल्छ*

*झुक्याउनलाई दौडधुप गरिबका ति झुपडीमा*
*झुटा सिध्दान्तका चिप्ला भाषण रटान चल्छ*

*सत्ता भत्ता कुर्चिखेलमा बिगत त्यसै खेर फाली*
*खै त क्रान्ति ? त्यहि सोधखोजको बिधान चल्छ*

*इमानमा चल्न सके पाउँछन विस्वास जनताको*
*हारजित कस्को भन्दै अभिमतको किटान चल्छ*

*खजुरा बाँके*

### संकटमा राष्ट्रियता



❑ नारायण शर्मा विपिन ❑

राष्ट्रियता संकटमा छ
मित्र तपाईले भुगोल सोच्नु भयो होला
मैले इतिहासको कुरा गरेको
बुद्ध , वेदव्यास , पाणिनी
विध्यापति र तेन्जिङ नोर्गे सम्झेको

राष्ट्रियता संकटमा छ
मित्र तपाईले ईतिहास सोच्नु भयो होला
मैले वर्तमानको कुरा गरेको
लिपुलेक , कालापानी र मानेभञ्ज्याङ
सुस्ता अनि सोमेश्वर सम्झेको

राष्ट्रियता संकटमै छ
मित्र तपाईले धेरै ठूलो कुरो सोच्नु भयो होला
मैले सानो कुरा गरेको
इण्डियन टमाटरले बजार पिट्दा
बारीमा गोलभेडा कुहाउनु परेको

राष्ट्रियता संकटमा छ
मित्र तपाईंले खानाको कुरा सोच्नु भयो होला
मैले पहिचानको कुरा गरेको
उत्तर र दक्षिणबाट आउने
गम्छा , खादा र ढाका टोपिको कुरा गरेको

राष्ट्रियता संकटमा छ
मित्र तपाइले बजारको कुरा सोच्नु भयो होला
मैले मान्छेको कुरा गरेको
हजारौं रहर बन्धकी राखेर
बाकसमा फर्कनेहरु सम्झिएको

राष्ट्रियता संकटमा छ
मित्र तपाईंले साम्राज्यवाद र बिस्तारबाद सोच्नु भयो होला
मैले दलालहरुको कुरा भनेको
दौरा सुरुवाल लगाएर
रास्ट्रघात गर्नेहरुको कुरा गरेको

राष्ट्रियता भयंकर संकटमा छ
तपाईंले जनताको कुरा सोच्नु भयो होला
मैले सरकारको कुरा गरेको
खेती गर्ने बेलामा मलखाद
पैंचो माग्नु पर्ने दरकारको कुरा गरेको

राष्ट्रियता इतिहास र भूगोल
खोला र जमिन मात्रै हैन
राष्ट्रियता स्वाभिमान हो
स्वाधीनता र आत्मसम्मान हो
संघर्षको रुप
केवल जिन्दावाद र मुर्दावाद मात्रै हैन
उत्पादन र आत्मनिर्भरता पनि हो

राष्ट्रियता संकटमा छ
आउनुहोस राष्ट्रिय स्वाधीनताका खातिर
अर्को एउटा बलिदानी संघर्ष गरौं
कोदोको पिठो र कनिकामा पनि
अर्कैको भर पर्ने छोडौं
मान्छे बेचेर मस्यौरा किन्ने
यो दलाल व्यवस्था फेरौं ।

*(पुस १७, २०७८ अखिल नेपाल लेखक संघ र इच्छुक सांस्कृतिक प्रतिष्ठानद्धारा आयोजित राष्ट्रिय स्वाधीनताका निम्ति सिर्जना अभियान , रत्ननगर चितवनमा वाचित )*

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. – ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## श्रेष्ठको...

अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले कमरेड भक्तबहादुर श्रेष्ठले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा पुऱ्याउनु भएको योगदान र उहाँको जीवन र कर्मबाट क्रान्तिकारीहरुले सिक्नुपर्ने विषयहरुका बारेमा चर्चा गर्नुभएको थियो ।

अ खि ल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलको सञ्चालनमा सम्पन्न कार्यक्रमको सुरुमा प्रमुख अतिथि लगायत अतिथि तथा सहभागिहरुले कमरेड भक्तबहादुर श्रेष्ठको फोटोमा माल्र्यापण र मौनधारणसहित श्रद्धाञ्जली अर्पण गरिएको थियो । कार्यक्रममा उपस्थित चर्चित क्रान्तिकारी कवि बलराम तिमिल्सिना नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकृत हुनुभयो । उहाँलाई महासचिव किरणले पार्टीमा स्वागत गर्नुभयो ।

## कमरेड...

र कृतित्वको विषयमा चर्चा गर्नु भएको थियो । कार्यक्रममा कमरेड भक्तबहादुर श्रेष्ठक दुई छोरी प्रभा र प्रतिभा लगायत परिवारका सदस्यहरुको समेत उपस्थिति रहेको थियो ।

## सत्ता...

अन्तर्गतको सामान्य व्यक्ति र व्यवस्था परिवर्तन भएका मात्र हुन । शासकहरु परिवर्तन भएका हुन तर शासक वर्ग परिवर्तन भएको होईन । सत्ता परिवर्तनमा शासक व्यक्ति होईन शासक वर्ग नै परिवर्तन हुने गर्दछ । पुरानो शासक वर्ग सत्ता च्युत हुन्छ र नया वर्ग सत्तासिन हुन पुग्छ । एउटा सचेत र जवरजस्त क्रान्तिले मात्र सत्ता परिवर्तन हुनसक्छ । नेपालमा अझै क्रान्ति भएका छैनन् । ००७ ,०३६,०४६ र ०६२/६३ को परिवर्तन एउटा सामान्य राजनैतिक घटना मात्र हुन, क्रान्ति होईन । क्रान्ति हुनको निम्ति सत्ता परिवर्तन हुनुपर्दछ ति राजनैतिक घटनामा सत्ता परिवर्तन भएनन् । सत्ता परिवर्तनको निम्ति भएको महान जनयुद्धको मुख्य नेतृत्वको गद्दारीका कारण नेपाली जनताको सत्ता परिवर्तनको चाहना अधुरो नै रह्यो ।

त्यसकारण उत्पीडित शासित वर्ग शासक वर्गमा रुपान्तरित हुनको निम्ति पहिलो शर्त हो क्रान्ति, अर्थात सत्ता परिवर्तन । तर हजारौ बर्ष पुरानो प्रतिक्रियावादी सत्ताको परिवर्तन सामान्य कुरा होईन । पुरानो प्रतिक्रियावादी सत्ताका मालिकहरुले आफनो शासन सत्ता सहज ढंगले छोड्न चाहदैनन् । त्यसको निम्ति लामो बैचारिक ,राजनैतिक तथा फौजी संघर्षको आवस्यकता पर्दछ । त्यसको निम्ति क्रान्तिकारीहरुले ठुला ठुला त्याग र बलिदान गर्नुपर्दछ । अनिमात्र प्रतिक्रियावादी उत्पीडक वर्गको पुरानो सत्ता ध्वंस गरेर क्रान्तिकारी उत्पीडित श्रमजीवी वर्गको नयाँ सत्ता स्थापना गर्न सकिन्छ । ईतिहासिद्ध कुरा के हो भने लामा,लामा बैचारिक ,राजनैतिक तथा फौजी संघर्ष देखि आत्तिने र ठुला, ठुला त्याग र बलिदान देखि डराउने व्यक्तिहरु बिच बाटो मै विचलित हुने,पलायन हुने र गद्दारी गर्ने गर्दछन ।

हिजो आज कम्युनिस्ट नामका कतिपय पार्टीका नेताहरुले तछाड मछाड गर्दै प्रतिक्रियावादी सत्ताको रक्षा गर्ने कसम खाएको देखिन्छ । उनीहरुको गद्दारी तथा प्रतिकृयावादमा पतनको यो राम्रो उदाहरण हो । यथार्थमा कम्युनिस्ट पार्टीको जन्म प्रतिक्रियावादी उत्पीडक वर्गको सत्तालाई धोस्त गरि क्रान्तिकारी उत्पीडित वर्गको सत्ता स्थापना गर्नको निम्ति भएको हो । कम्युनिस्ट पार्टीको घोषित लक्ष वाट बिचलित भएका तथा कम्युनिस्ट आन्दोलन संग गद्दारी गरेका पार्टी र व्यक्तिहरु कम्युनिस्ट हुन सक्दैनन । यद्दपि कारखानाको मेशिन वाट एकातिर नियमित माल उत्पादन हुने र अर्कोतिर फोहोर पैदा भैरहने गरे जस्तै कम्युनिस्ट पार्टीमा गद्दारी,बिचलन र पलायनका घटनाहरु पनि अस्वाभाविक होईनन । तथापि पार्टी र आम कम्युनिस्ट क्रान्तिकारीहरुको चाहना यस्ता घटनाहरु कम भन्दा कम होस् भन्ने नै हो ।

गद्दारी,बिचलन र पलायन वाट माथि उठाउदै आफुलाई क्रान्ति पछिको नया सत्ता र नया समाज सम्म पु -याउनको निम्ति कुनैपनि क्रान्तिकारीको लागि पहिलो शर्त हो क्रान्तिकारी पार्टी निर्माण गर्नु । क्रान्तिकारी पार्टी निर्माणको पहिलो शर्त हो क्रान्तिकारीहरुले आफुलाई पार्टीकरण गर्नु । वास्तवमा सवै क्रान्तिकारीहरुले आफुलाई पार्टीकरण गरेर मात्र क्रान्तिकारी पार्टी निर्माण गर्न सकिन्छ । पार्टी सदस्यता प्राप्त गर्नु पनि व्यक्तिले आफुलाई पार्टीकरणको थालनी गर्नु हो । आफुले आफुलाई नै पार्टीकरण गर्ने भनेको आफुलाई पार्टीमा पूर्णतया विलय गर्नु हो । आफुलाई पार्टीमा हराउनु हो । पार्टी बाहेक आफुलाई नदेख्नु ,नभेत्नु ,नपाउनु हो । क्रान्तिकारी पार्टीको नेता,कार्यकर्ताहरुले सिद्दान्त,ब्यबहार ,बिचार ,दृस्टीकोण तथा नीति, विधि ,निर्देशन,योजना र कार्यक्रममा आफुलाई पार्टीकरण गर्नुपर्दछ । क्रान्तिकारी पार्टीले सधै आफ्ना नेता ,कार्यकर्ताहरुको हैसियत अनुसार पार्टीकरणको अपेक्षा गरिरहेको हुन्छ ।

अवस्य क्रान्तिकारी पार्टीको केन्द्रिय सदस्यले आफुलाई सवै भन्दा बढी अर्थात पूर्णरुपले पार्टीकरण गर्नुपर्दछ । परिवार बाहेक क्रान्तिकारी पार्टीको केन्द्रिय सदस्यको निजि चिज केहिपनि हुनु हुदैन । पार्टीको स्वीकृत बिचार ,मत बाहेक सार्वजनिक रुपमा उसको निजि विचार, व्यक्तिगत मत आदि/ ईत्यादि केहिपनि हुनुहुदैन । केन्द्रिय सदस्यले मात्र होईन क्रान्तिकारी पार्टीका हरेक सदस्यले पार्टीको सिद्दान्त अनुसारको आचरण र ब्यबहार गर्नुपर्दछ । सिद्दान्त बिपरित आचरण र ब्यबहार भयो भने 'काम कुरो एका तिर कुम्लो बोकी ठिमी तिर 'जस्तो हुन्छ । त्यस्तो भयो भने जनताको नजरमा पार्टी बद्नाम हुन्छ । पार्टी बद्नाम भयो भने क्रान्ति बर्वाद हुन्छ । कुनैपनि राजनैतिक घटनाक्रमलाई हेर्ने दृस्टीकोण र सार्वजनिक रुपमा व्याख्या विश्लेषण गर्ने शैली,तौर तरिका पार्टीको आधिकारिक जोड कोण भन्दा पृथक हुनुहुदैन । आफना हरेक गतिविधि पार्टीको नीति र विधिमा केन्द्रित हुनुपर्दछ । पार्टीको नीति र बिधि भन्दा अलग ठलग भएर गतिबिधि गर्नु पार्टी र क्रान्तिको निम्ति अपराध गर्नु हो । हरेक क्रियाकलाप पार्टीको निर्देशन र योजना अन्तर्गत हुनुपर्दछ । पार्टीको निर्देशन र योजना बिपरित स्वेच्छाचारी ढंगले क्रियापलाप गर्नु अनुशासनहिनता हो ।

क्रान्तिकारी पार्टीको केन्द्रिय सदस्यको पारिवारिक सम्पति देखि हरेक आर्थिक गतिविधिका विवरण पार्टीमा नियमित अपडेट भैरहनु पर्दछ । वुर्जुवा पार्टीमा जस्तो कुनै पनि आयमुलक पेशा ,व्यवसायमा सक्रिय बन्ने छुट उसलाई हुनुहुदैन । उ पूर्णतः पेशेवर क्रान्तिकारी हुनै पर्दछ । त्यस्तै गरि पार्टीका प्रदेश सदस्य, जिल्ला सदस्य ,ईलाका सदस्य तथा वडा सदस्य र सेल सदस्यहरुले पनि आफुलाई क्रमश ७०,६०, ५० ,४० ,३० प्रतिशत पार्टीकरण गर्नुपर्दछ । कसेकम यत्ति भयो भने मात्र क्रान्तिकारी पार्टी निर्माणको आधार तयार हुन्छ । तव मात्र हजारौ वर्ष देखि जरा गाडेर बसेको प्रतिक्रियावादी उत्पीडक वर्गको सत्ता उल्त्याउन योग्य क्रान्तिकारी पार्टी निर्माण गर्न सकिन्छ ।

---

# अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)
## All Nepal Peasants' Federation (Revolutionary)
### जिल्ला समिति चितवन

मिति : २०७८/०९/३०

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय
भरतपुर, चितवन

**विषय : ज्ञापन-पत्र**

नेपालको कुल जनसंख्याको ८५% भन्दा बढी कृषि क्षेत्रमा आधारित छ। जनसंख्याको यतिठूलो हिस्सा ओगटेको यो क्षेत्र आत्मनिर्भर र स्वाधीन हुन नसक्नु निकै ठूलो चिन्ताको कुरा हो । यतिबेला नेपाली किसानहरुले प्राकृति प्रकोपका साथसाथै खाद्य, उर्जा, जल, जमिन, अर्थतन्त्र, जलवायु लगायतका संकटहरुको बिचवाट गुज्रनु परिरहेको छ। सरकारवाट अवलम्बन हुँदै आएको औपनिवेशीक कृषि प्रणालीको कारण साना लगानी र न्यून आयश्रोत भएका किसानहरुलाई यो पेशाबाटै हात धुनुपर्ने जटिलता थपिँदै गइरहेको छ। सरकारको यसप्रकारको कृषि नीतिको परिणामस्वरुप देशको जनसंख्याको ठूलो उर्जाशील र उत्पादनशील समुदाय यो क्षेत्रवाट पलायन हुँदै गइरहेको छ। शहरीकरणको नाममा बैधानिक वा अबैधानिक तवरले भुमिमाथिको खण्डिकरण बढ्दै जानु , कृषि उत्पादनको लागि उपयुक्त सरकारी नीतिको अभाव हुनु तथा कृषि उत्पादनसँग जोडिएका बजार र मुल्यको समायोजन, सन्तुलन र निर्धारणमा राज्यको नीति किसानमैत्री हुन नसक्नु मुलुकको आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको क्षेत्रका आजका प्रमुख चुनौति हुन। कृषि क्षेत्रमा देखा परेका यी समस्याको समाधान नभएसम्म नेपाली किसान र समग्र कृषि क्षेत्रले गति लिन सम्भव देखिँदैन ।

कृषि क्षेत्रका समस्याको सोझो असर पर्ने जिल्ला हो चितवन । दूध उत्पादन, कुखुरा पालन, केरा, फलफुल, हरियो तरकारी, माछा, पशुपालन र माउरी पालन लगायतका उत्पादनशील क्षेत्रमा चितवन जिल्लाले अग्रणी भुमिका खेल्दै आइरहेको छ। यति हुँदाँहुँदै पनि प्रभावकारी सरकारी नीति र कार्यन्वनको अभावको कारण बिचौलियाहरुको अस्वभाविक प्रवेस, बजारको उचित व्यवस्थापनको अभाव, मुल्यको समायोजन र निरधारण तथा मानव स्वास्थसँग जोडिएका अखाद्य कृषि उपजमाथिको नियन्त्रणमा उदासीनता लगायतका कारण यहाँको कृषि व्यवसाय, जनशक्ति र बजारमा दैनिक संटक थपिँदै गइरहेको छ । उपयुक्त प्रकारका समस्याहरुको बेलैमा सहज तथा बैज्ञानिक समाधान आजको प्रमुख आवश्यकता हो। हामी नेपाली कृषि क्षेत्रमा देखापरेका निम्न प्रकारका समस्याको तत्काल समाधानको लागि यहाँ समक्ष विनम्र अनुरोध गर्दछौं ।

१) कुखुरा, माछा, गाईभैंसी, बाख्रा लगायतका मासुजन्य र दुधजन्य उत्पादनका क्षेत्रमा पर्न सक्ने प्रतिकुल असरलाई नजरअन्दाज गरि दाना उद्योग र व्यवसायीले एकतर्फी रुपमा दाना र चोक्करमा गरिएको मुल्यबृद्धिको कारण किसानको लागत मुल्यको अनुपातमा उत्पादन मुल्य कायम हुन नसक्दा किसानहरु घाटामा जाने र यो क्षेत्रबाटै पलायन हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै तत्काल दानामा भएको अस्वभाविक मुल्यबृदिलाई नियन्त्रण गरि कृषि उत्पादन सँग जोडिएका सम्पूर्ण कृषि उपजहरुको उचित तथा बैज्ञानिक मूल्य समायोजन गरियोस ।

२) कुखुरा, केरा, अण्डा, माछा, माउरी, दूध, तरकारी लगायतका आत्मनिर्भर बन्दै गएका कृषि क्षेत्रलाई प्रभावित गर्नेगरि भारत लगायतका देशहरुवाट बैध वा अबैध रुपमा आयात हुँदै आएका अखाद्य तथा विषादीयुक्त कृषि उत्पादनलाई कडाईका साथ नियन्त्रण गरियोस।

३) चितवनको कृषि उत्पादनमा छुट्टै मौलिकता बोकेका कुखुरा, माछा, केरा र मह उत्पादनलाई देशकै नमुना कृषि उत्पादनमा परिचित गर्न विशेष तथा योजनाबद्ध पहलकदमी अगाडि बढाइयोस।

४) जिल्लामा उत्पादित कृषि समग्र कृषि उत्पादनमाथि अस्वभाविक ढंगले बढेको बिचौलियाहरुको मनोमालियालाई नियन्त्रण गरि किसानहरुको मनोवललाई बढाउदै उत्पादित वस्तुको उचित मूल्य समायोजन सहित व्यवस्थित बजार र विक्रि केन्द्रहरुको निर्माण गरियोस ।

५) नेपाली कृषि उत्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्लाका उत्कृष्ट कृषकहरुलाई पुरस्कार, रहात, तथा सहुलियत र अनुदान प्रदान गरियोस । साथै विगत कालदेखि कृषि रहात, अनुदान र सहुलियतको नाममा प्रधानमन्त्री कृषि आधुनिक प्राधिकरणको नाममा हुँदै आएका नातावाद, कृपावाद र भ्रष्टाचार जस्ता कार्यलाई पूर्णरुपमा नियन्त्रण गरि कारबाहीको दायरामा ल्याइयोस।

६) खाद्यसम्प्रभुता सम्बन्धि विश्वव्यापी मान्यतालाई समेत वेवास्ता गरी मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरि प्रयोग हुँदै आएका विषादीयुक्त कृषि उत्पादनमाथि नियन्त्रण कायम गरियोस । साथै यस प्रकारका अनुचित कर्ममा लागिरहेका भारतीय किसानहरुको नेपाल आयातलाई रोक लगाई स्वदेशी उत्पादनलाई आत्मनिर्भर र गतिशील बनाउन प्रभावकारी अनुगमन कायम गरियोस।

७) नेपाली किसानहरुले समयमा गुणस्तरयुक्त मल, विउ नपाउने तथा यिनिहरुमा कालोबजारी समेत बढ्दै जाने स्थितिलाई नियन्त्रण गरि कृषि बजारभित्र हुर्केका कालाबाजारीयाहरुलाई कारबाहीको दायरामा ल्याइयोस।

८) जिल्ला भित्र हुने र भइरहेका भु-क्षयीकरण र अबैध खण्डिकरणलाई यथाशिघ्र नियन्त्रण कायम गरियोस। साथै उत्पादनमूलक जमिन बाझो राख्न नदिने तथा बाझा उत्पादनमूलक जमिनहरुहरु कृषि उत्पादनलाई विकास गर्ने गरि किसानहरुलाई उचित मापदण्ड बनाएर हस्तान्तरण गरियोस।

९) सरकारी स्वामित्व भित्र रहेका तथा लामो समयदेखि कृषि उत्पादनको प्रयोगमा नआएका जमिनहरुलाई राज्यको तर्फबाट नियन्त्रणमा लिएर कृषि उत्पादनको लागि अनुसन्धान केन्द्र, प्रयोगशाला तथा कृषि प्रशिक्षण केन्द्रको रुपमा विकास गरियोस ।

अन्तमा हामीले उठाएका उपयुक्त प्रकारका राष्ट्र र जनताको जीवनसंग प्रत्यक्ष रुपमा सीधा सरोकार राख्ने विषयमा यो कार्यालयको तर्फबाट महत्वपूर्ण भुमिकाको अपेक्षा गर्दछौं । साथै कृषि क्षेत्रमा भएका तमाम विकृति विसंगति र बेतिथिहरुलाई समयमै प्रभावकारी समाधान गर्न कदम चालिने विश्वास प्रकट गर्दछौं।

क्रान्तिकारी अभिवादन सहित ।

## आलोपालो

# सत्ता परिवर्तन, क्रान्तिकारी पार्टी निर्माण र व्यक्तिको पार्टीकरणबारे


● खगेन्द्र छन्त्याल ●

व्यक्तिगत सम्पतिको प्रचलन भए संगै समाजमा विभिन्न खाले असमानताहरु देखापर्न थाल्यो। त्यो असमानताले समाज दुई भागमा विभाजित भयो। एकातिर हुनेखाने सम्पन्न वर्ग र अर्को तिर हुदा खाने विपन्न वर्ग। त्यो दुई फरक, फरक वर्गहरु बिच वर्गीय स्वार्थको निम्ति संघर्ष हुन् थाल्यो त्यसलाई नै वर्गसंघर्ष नामाकरण गरियो। समाज बिकासका हरेक चरणहरुमा वर्ग संघर्ष तिब्र ढंगले चल्दै आएको देखिन्छ। दास युगमा दास र मालिकहरु बिच ,सामन्तवादी युगमा किसान र सामन्तहरुबिच,पुजिवादी युगमा मजदुर र पुजीपतिहरु बिच चर्को संघर्ष हुदै आएको देखिन्छ। दास युग देखि पुजिवादी युग सम्मको संघर्षमा सधै अग्रगामी शोच ,चेतना र चिन्तन बोकेको उत्पीडित तथा प्रगतिशील वर्गले संघर्षमा जित हासिल गरेको छ , गर्दछ। दास युगमा दासहरु उत्पीडित र प्रगतिशील थिए। सामन्तवादमा किसान र पुजिवादमा मजदुर उत्पीडित र प्रगतिशील पक्ष हुन। दास र मालिक बिचको संघर्षमा दासहरुको जित भयो र दास व्यबस्थाको अन्त्य भयो। किसान र सामन्तहरुको संघर्षमा किसानहरुको जित र सामन्तहरुको हार भयो र सामन्ती व्यवस्था धोस्त भयो। यद्दपि हालका अर्ध सामन्ती अवस्थाका मुलुकहरुमा सामन्तवादको जगजगी कायमै रहेतापनि सामन्तवादको रक्षा कवचको रुपमा चिनिने मध्यकालीन सामन्ती राजतन्त्रको अन्त्य भैसकेको देखिन्छ।

शासन परिवर्तन भएपनि सत्ता परिवर्तन भएन भने पुरानो उत्पीडक वर्गनै फेरि नयाँ व्यवस्थाको शासक हुने र पुरानो उत्पीडित वर्ग पुन : शासित नै हुने स्थिति बन्छ। दास व्यवस्था देखि पुजिवादी व्यवस्था सम्म भएको शासन परिवर्तनमा यहि देखिन्छ। दास ब्यबस्था ढल्यो,सामन्तवाद आयो तर फेरि दास मालिक नै शासक बन्यो दासहरु शासित नै बने। अर्थात पहिलेको मालिक भूमिपति जमिन्दार (सामन्त) बन्यो दासहरु किशान बने। सामन्तवाद ढल्यो ,पुजिवाद आयो तर फेरि सामन्त नै शासक बन्यो किशानहरु फेरि शासित नै बने। अर्थात पहिलेको सामन्त कारखानाको मालिक (पुजीपति) बन्यो किसानहरु मजदुर बने। दास ब्यबस्थामा मालिकको सनकको भरमा दासहरु बस्तु भैँ बेचिन्थे ,गोरु भैँ चुतिन्थे ,मुला भैँ काटिन्थे। सामन्तवादमा किशानहरु दिनभरी सामन्तका खेतमा काम गर्दथे,राती सामन्तले दिएको आधा पेट खाएर बस्थे। पुजिवादमा मजदुरहरु दिनभरी पुजिपतिका कारखानामा काम गर्दछन साँझ सिमित पारिश्रमिक लिएर फर्कन्छन। पटक पटक शासन फेरियो तर शासकवर्ग फेरियन , यसको कारण हो सत्ता नफेरिनु अर्थात पुरानै उत्पीडक शासक वर्गको सत्ता यथावत रहनु।

नेपालमा कुनैदिन वाईसे ,चौबिसे राजाहरुले शासन गर्दथे त्यसपछि राणाहरु र शाह बंशीय राजाहरुले क्रमश पालैपालो शासन गरे। अहिले सामन्त तथा दलाल र नोकरशाही पुजिपतिवर्गको प्रतिनिधिहरुले आलोपालो शासन गरिरहेकाछन। पटक पटक शासन परिवर्तन भए तर शासकवर्ग परिवर्तन भएन। व्यक्तिगत रुपमा शासकहरु पनि फेरिय तर वर्गीय रुपमा उही पुरानै उत्पीडक वर्गका प्रतिनिधिहरु नै शासक बनिरहे। यसको कारण हो परापुर्वकाल देखि नेपालको सत्ता परिवर्तन नहुनु। उत्पीडक वर्गको सत्ता यथावत रहनु। शोषित ,पिडित, मेहनतकश श्रमजीवीवर्गको सत्ता स्थापना नहुनु।

सामान्य राजनैतिक परिवर्तन वाट दिक्क भएका कतिपय मान्छेहरुको मुख वाट सुन्ने गरिन्छ राणा देखियो,राजा देखियो कांग्रेस,एमाले ,माओवादी सवै देखियो याहा केहि हुनेवाला छैन। सवै उस्तै हुन। हाम्रो अवस्था उही हो। राजनीतिलाई सामान्य सरकार तथा व्यक्ति परिवर्तनको साधनको रुपमा मात्र बुझ्ने तर सत्ता परिवर्तनको साधनको रुपमा नबुझ्ने मान्छेहरुको तर्क हो यो। ००७ साल देखि ०३६, ०४६ हुदै ०६२ /०६३ सम्म आउदा भएका सवै परिवर्तनहरुमा सत्ता परिवर्तन भएको होईन। त्यतिवेला प्रतिक्रियावादी सत्ता *बाँकी ७ पेजमा*

# अखिल क्रान्तिकारीले चलाएको सातदिने नि:शुल्क पत्रकारिता तालिमको समापन




काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीको आयोजनामा सञ्चालित सात दिने निःशुल्क आधारभूत पत्रकारिता तथा उद्घोषण तालिम आज समापन गरिएको छ। अखिल (क्रान्तिकारी)ले आयोजना गरेको सात दिने निःशुल्क आधारभूत पत्रकारिता तथा उद्घोषण तालिम सम्

संगठनको प्रदेश नं. ३ ले आयोजना गरेको तालिम शुक्रबार सम्पन्न गरिएको अखिल (क्रान्तिकारी) की केन्द्रीय उपाध्यक्ष तथा तीन नं. प्रदेश संयोजक शिलु न्यौपानेले जानकारी दिनु भयो। तालिम समापन कार्यक्रमको प्रमुख अथिति नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल हुनुहुन्थ्यो भने विशेष आतिथ्यता अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेलको रहेको थियो।

त्यस्तै अतिथिहरुमा पार्टीका पिविएम तथा तीन नं. प्रदेश इन्चार्ज दिनेश शर्मा (सागर),अर्का पार्टी पिविएम तथा प्रदेश सचिव सुरेश श्रेष्ठलगायतका नेताहरू रहनु भएको थियो। सो तालिममा विद्यार्थीहरूको उत्साहजनक सहभागीता रहेको थियो भने विद्यार्थीहरूले यो तालिमबाट धेरै कुरा सिकेको र केही गर्न सक्ने उत्साह जागेको समेत प्रतिकृया दिएका थिए।

**कोभिडबाट सचेत र सतर्क रहौं,**
कोरोना संक्रमणको जोखिम कायमै छ।
यसले कुनै पनि समय महामारीको रूप लिन सक्दछ।
त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं,
जमघट तथा भिडभाडमा जाँदा अनिवार्य रूपमा
स्वास्थ्य मापदण्ड पालना गरौं।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
**विज्ञापन बोर्ड**







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।